# आर्थिक वर्ष २०७९/८० को बजेट एबं आर्थिक ऐनका लागि सुझाव

**नेपाल उद्योग वाणिज्य महासंघ**
**टेकू, काठमाडौं**

२०७९ बैशाख

# बिषय सूची


| क्र.सं. | बिषय | पेज नम्बर |
|---|---|---|
| १. | पृष्ठभूमी | १ |
| २. | संरचनागत सुधार | ३ |
| ३. | सेवा, सुरक्षा र लगानीमैत्री राजश्व प्रणाली | ३ |
| ४. | निजी क्षेत्र प्रोत्साहन | ४ |
| ५. | तरलता एवं वाह्य क्षेत्र व्यवस्थापन | ७ |
| ६. | रेमिट्यान्स प्रोत्साहन कार्ययोजना | ७ |
| ७. | प्रतिष्पर्धी निर्यात | ८ |
| ८. | विदेशी लगानी एवं सहायता सहजीकरण | ९ |
| ९. | पर्यटन प्रवर्द्धन | ९ |
| १०. | आयात प्रतिस्थापन | १० |
| ११. | पूँजीगत खर्च विस्तार | ११ |
| १२. | दिगो औद्योगिकरण | ११ |
| १३. | उर्जा आवास एवं पुर्वाधार | १२ |
| १४. | प्राकृतिक स्रोत | १३ |
| १५. | आवास एवं शहरी पूर्वाधार | १३ |
| १६. | घरेलु तथा साना उद्यम बिकास | १३ |
| १७. | स्टार्ट अप एण्ड इनोभेसन | १४ |
| १८. | महिला उद्यमशीलता कार्यक्रम | १४ |
| १९. | पूँजी बजार | १५ |
| २०. | वाणिज्य | १५ |

| | | |
|---|---|---|
| २१. | कृषि इकोसिस्टम सुधार कार्ययोजना | १५ |
| २२. | राजस्व प्रणाली सुधार | १६ |
| २३. | भन्सार | १७ |
| २४. | आय कर | १७ |
| २५. | मूल्य अभिबृद्धि कर | १८ |
| २६. | अन्तःशुल्क | १९ |
| २७. | बक्यौता कर | १९ |
| २८. | राजस्व न्याय प्रणाली | १९ |
| २९. | शुसासन | २० |
| ३०. | राजस्व न्यायाधिकरण ऐन २०३१ | २१ |
| ३१. | आय कर ऐन २०५८ | २२ |
| ३२. | मूल्य अभिवृद्धि कर ऐन, २०५३ | ३१ |
| ३३. | भन्सार ऐन २०६४ | ३५ |
| ३४. | भन्सार नियमाली २०६४ | ३८ |
| ३५. | राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण ) ऐन, २०५२ | ४० |
| ३६. | सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ | ४५ |

## पृष्ठभूमी

विश्वले नै एकैसाथ बेहोर्नुपरेको त्रास, अनिश्चितता र महामारीसंगको संघर्ष धेरै हदसम्म कम भएको छ । नेपालीले आधुनिक इतिहासमा यस्तो महामारी पहिले कहिल्लै भोग्नुपरेको थिएन् । पहिलोपटक धेरै समयका लागि घरभित्रै कैद हुनुपर्‍यो । आर्थिक गतिविधि सुस्ताए । महामारीको प्रभाव शुरु भएको पहिलो बर्ष २ प्रतिशतले ऋणात्मक रहेको अर्थतन्त्र दोस्रो बर्ष ४ प्रतिशतले वढ्यो ।

आर्थिक बर्ष २०७८/७९ मा भने ५.८४ प्रतिशतको आर्थिक वृद्धिको प्रक्षेपण केन्द्रिय तथ्यांक विभागले गरेको छ । जुन अस्वभाविक होइन् । आर्थिक बर्षको शुरुवातसंगै बढेको आर्थिक गतिविधिको रफ्तार कायम रहन सकेको भए ८ प्रतिशतसम्म वृद्धि हासिल गर्न सकिन्थ्यो ।

उच्च मागलाई अर्थतन्त्रको विद्यमान संरचनाले थेग्न सकेन । स्भाविक रुपमा वित्तिय क्षेत्रमा कर्जाको माग बढ्यो । घरजग्गा, पूँजीबजार, उत्पादनमूलक क्षेत्र सबैतिर माग बढ्यो । अर्थतन्त्रमा माग बढने र उत्पादन उक्त रफ्तारमा बढ्न नसक्दा स्वभाविक रुपमा आयात बढ्यो । निक्षेपभन्दा करिब तीन गुणा बढि कर्जा प्रवाह भयो । यसले अर्थतन्त्रमा तरलता अभाव देखिएको छ । उच्च आयातलाई विदेशी मुद्रा आर्जनका अन्य स्रोतहरुले भरथेग गर्न नसक्दा करिब २ खर्ब ६० अर्बको सोधनान्तर घाटा बेहोर्नुपरेको छ ।

महामारीका बीचमा थिचिएर रहेको माग विश्वभर नै प्रस्फुटित हुन थालेको छ । जसले आर्थिक गतिविधिलाई तिव्रता दिइरहेको छ । यसैबीचमा रुस र युक्रेनबीचको युद्धले विश्वभर नै मुल्यमा चाप पर्न थालेको छ । विश्व बैंकका अनुसार खाद्यान्नको मुल्य पछिल्लो तीन महिनामा ३७ प्रतिशत बढेको छ । इन्धन र कच्चा पदार्थको मुल्य अकासिएको छ । भारतमा कोइला ढुवानीलाई प्राथमिकता दिन यात्रुबाहक रेललाई रोक्न समेत थालिएको छ ।

भारतको उच्च उर्जासंकटका कारण नेपालले पनि बिजुली आयात गर्न सकेको छैन् । ४ सय ५० मेगावाट हाराहारी बिजुलीको कमी देखिएको छ । उर्जा उपभोग बढाउनुपर्ने भन्दै आएको विद्युत प्राधिकरण अघोषित लोडसेडिंग गरिरहेको छ । विद्युत कमी हुदा सिधै उद्योगलाई मारमा पार्ने परम्परागत प्रवृत्ति अनुकुल नै उद्योगहरुमा ४,५ दिनदेखि बिजुली कटौति गरिएको छ । बैंकको ब्याज घटेको छैन् । आयात प्रतिवन्धित हुदा व्यवसायीको आत्म विश्वास गुमेको

छ । जसले फेरि पनि उत्पादन संकुचित हुन गइ अर्थतन्त्रको जोखिम कम हुने छैन । विश्वव्यापी दबाव पनि कायमै रहनेछ ।

बजारमा माग बढने तर इन्धन, खाद्यान्न, अन्य कच्चापदार्थको चरम मुल्यवृद्धिका कारण विश्वभर नै संकट देखिने थालेको छ । अमेरिका चीन र भारतमा समेत आर्थिक मन्दी आउने आंकलन गरिएको छ । दि इकोनोमिष्टका अनुसार भारतमा १२ देखि १८ महिनाको बीचमा मध्यमखाले आर्थिक मन्दी देखिनसक्छ । भारतसंगको व्यापार निर्भरता एवं स्थीर विनिमयदरले यसको असर नेपालमा पनि पर्नेछ ।

अहिले विदेशी विनिमय संचितिले साढे ६ महिनाको आयात धान्न पर्याप्त छ । अहिले हाम्रो अर्थतन्त्रमा समस्याग्रस्त भैसकेको छैन् । तर व्यवस्थापन गरिएन भने जोखिम कायमै छ । अब तरलता एवं वाह्य क्षेत्र व्यवस्थापन गरि मुलुकको सम्पत्ति अभिवृद्धिका लागि लगानी प्रोत्साहन गर्नुपर्छ । संगै निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन, कोभिड पछिको नवउत्थानमा केन्द्रित रही अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन कार्ययोजनामा विशेष ध्यान दिइनुपर्छ ।

अबका सरकारी नीतिले महामारीपछिको अवस्थामा अर्थतन्त्रको दिशा केन्द्रित गर्नुपर्नेछ । युद्ध आर्थिक मन्दी आदि कारणले विश्व संरक्षणवाद उन्मुख रहदा देशभित्र उत्पादन र उत्पादकत्व बढाउन केहि प्रभावकारी नीति ल्याउनुपर्छ । सिमित स्रोतको जथाभावी वितरणभन्दा असिमित सम्भावना भएको निजी क्षेत्रको प्रवर्द्धन मार्फत सम्पत्ति निर्माणमा बजेटले ध्यान दिन सक्नुपर्छ । सामाजिक न्याय सहितको खुला बजार अर्थतन्त्रले समावेशी र दिगो आर्थिक वृद्धि सम्भव हुन्छ । बजेटले यसका लागि समन्वयकारी भूमिका निर्वाह गनुपर्छ । बजेट निर्माण र कार्यान्वयन प्रक्रियामा मै आमूल परिवर्तनको आवश्यकता छ ।

## संरचनागत सुधार

बजेट विनियोजन र खर्चको अवस्था हेर्दा निर्माण प्रक्रियाबाटै संरचनागत सुधारको आवश्यकता छ । दश बर्षको औसत हेर्दा बर्षको पहिलो १० महिनामा पूँजीगत खर्च ३५ प्रतिशत हाराहारी भएको देखिन्छ । बाकि ४० देखि ४५ प्रतिशत रकम अन्तिम दुइ महिनामा हुने गरेको छ । औसतमा विनियोजित रकमको ८० प्रतिशत पूँजीगत खर्च हुदै आएको छ । प्राथमिकताप्राप्त राष्टिय गौरबका आयोजनाहरुको खर्च पनि फागुन अन्त्यसम्म जम्मा २० प्रतिशत छ ।

यही प्रवृत्ति प्रदेश र स्थानिय तहमा पनि सरेको छ । संघीयता कार्यान्वयनको पाँच बर्षमा प्रदेश र स्थानीय तहका सरकारको वित्तिय स्रोत केन्द्र नै रहदै आएको छ भने विनियोजित बजेटको कार्यान्वयन केन्द्र भन्दा पनि निराशाजनक रहेको छ ।

यसपटक बजेट निर्माणमै केहि मुलभूत संरचनागत सुधार आवश्यक छ । जसले राजश्व उठाउने भन्दा पनि दरिलो स्रोत परिचालन र गुणस्तरिय खर्च प्रणाली बिकास गर्न सकोस ।

## सेवा, सुरक्षा र लगानीमैत्री राजश्व प्रणाली

करको अर्को शाब्दिक अर्थ जोडवल पनि हुन्छ । केहिले करलाई जोडबलका साथ सर्वसाधारणबाट असुल गरिने रकमका रुपमा व्याख्या गरेको पनि पाइन्छ । तर लोकतान्त्रिक मुलुकमा जनताले आफ्नो सुरक्षा र आवश्यक सेवा पाए वापत सरकारलाई बुझाउने रकम हो । कर बुझाए वापत सरकारले जनतालाई आधारभूत सेवा दिनैपर्छ । सुरक्षाको प्रत्याभूति गर्नैपर्छ ।

जनसंख्या बढदै जादा रकमको माग पनि बढदै जान्छ । तर आर्जन र उपभोग बढन सकेन भने राजश्व बढदैन् । देश सधै गरिब नै रहन्छ । जुन नेपालको अवस्था हो । त्यसैले बिकसित मुलुकहरुमा राजश्वलाई लगानीसंग जोडिएको हुन्छ । लगानीको जति बढि अवसर भयो त्यति बढि आम्दानी, सोही अनुसार उपभोग र सोही अनुसार राजश्व संकलन हुन्छ ।

पछिल्लो दशकमा अर्थमन्त्री र अर्थमन्त्रालयको सफलताको मानक बढिभन्दा बढि राजश्व उठाउनुलाई मान्न थालियो । जति बढि राजश्व उठ्यो त्यति बढि सफल । जसरी पनि राजश्व उठाउने तर सेवा र सुरक्षाको प्रत्याभूति हुन नसक्दा सर्वसाधारणमा निराशा बढेको हो ।

नेपालमा अधिकांश जनतामा आफूले कमाएको ठूलो रकम करका रुपमा बुझाइएको तर त्यसको सदुपयोग भए नभएको चासो देखिदैन् । निजी क्षेत्र इमान्दारीपूर्वक राजश्व बुझाइरहेको छ । जुन तथ्यांकले पनि देखाउछ । यस बर्षको पहिलो  आठ महिनामा राजश्व २० प्रतिशतले बढेको छ । स्थानिय र प्रदेशमा जाने राजश्व बाँडफाँडको रकम पनि २० प्रतिशत बढने नै भयो ।

पाँच बर्षमा राजश्व संकलन ६० प्रतिशत बढेको छ । जबकि साढे दुइ बर्ष त महामारीको प्रकोप थियो । त्यसैले भन्न सकिन्छ, नेपालको निजी क्षेत्र जिम्मेवार छ । जनता जिम्मेवार छन् । राजश्वलाई सेवा, सुरक्षा र लगानीसंग जोडन नसक्दा भने निराशा देखिएको हो ।

अहिले राजश्वको कर निर्धारण गर्दा कानुनको परिधिभन्दा बाहिर गएको जस्तो हामीले देखिएको छ । यसले करदाता निरुत्साहित हुदै गैरहेका छन् ।

दरिलो पुर्वाधार निर्माण, गुणस्तरिय शिक्षा र स्वास्थ्य प्रणालीको बिकास र प्रभावकारी सुरक्षा व्यवस्थाले जनतामा अपनत्व बढनेछ । लगानी बढाउन प्रोत्साहित गर्ने नीतिले निजी क्षेत्रलाई व्यवसाय गर्न सहज बनाउनेछ । त्यसैले यसपटकको बजेटले सामाजिक सेवाको विस्तार भन्दा पनि बढि गुणस्तरमा ध्यान दिनुपर्छ । लगानीलाई प्रोत्साहन गर्नुपर्छ ।

## निजी क्षेत्र प्रोत्साहन

नेपालमा मुलुकको सम्पत्ति निर्माणमा कहिल्यै जोड दिइएन । वितरणलाई राजनीतिक उपलब्धिको मानक मानियो । राजस्व उठतीलाई सफलताको मानक मानियो । निजी क्षेत्रलाई राजस्वको स्रोतका रूपमा मात्र हेरियो । विकासको साझेदार मान्न सकिएन । पुँजी निर्माणमा निजी क्षेत्रको योगदान ७७ प्रतिशत छ ।  ७५ प्रतिशत रोजगारी निजी क्षेत्रले दिइरहेको छ ।

६ प्रतिशत हाराहारी वृद्धि हुनेबित्तिकै हामीकहाँ तरलता अभाव भइहाल्छ । किनभने, आम्दानीको स्रोत रेमिट्यान्स मात्रै भयो । निर्यात ९० प्रतिशत हाराहारी बढे पनि यसको आधार नै निकै सानो छ ।

वैदेशिक लगानी औसतमा वार्षिक २० अर्ब रुपैयाँ मात्रै आउँछ । वैदेशिक सहायताको ग्राफ भूकम्पपछिको पुनर्निर्माणका बेलाबाहेक सीधा छ । कोभिडपछि पर्यटन आय ८० प्रतिशत घटेको छ । चालु आर्थिक बर्षको पहिलो आठ महिनामा रेमिट्यान्स आप्रवाह र वस्तु व्यापार घाटाबीचको फरक ५२९ अर्ब रुपैयाँ पुगिसकेको छ । यसको अर्थ अब रेमिट्यान्सले घाटा थेग्न सक्दैन ।

रेमिट्यान्स प्रोत्साहन कार्ययोजना ल्याएर रेमिट्यान्स बढाउन सकिन्छ । नियमित रेमिट्यान्स पठाउने युवाहरुलाई स्मार्ट रेमिट्यान्स कार्ड जारी गर्नुपर्छ । जसलाई वित्तिय सेवासंग जोडनुपर्छ । सहुलियतपूर्ण कर्जालाई यससंग जोडन सकिन्छ ।

अबको संकट रोक्न रकम भित्र्याउने संयन्त्र बलियो नबनाइ हुँदैन । मुलुकभित्र लगानीको अवसर सिर्जना गरिनुपर्छ । लगानी भयो भने उत्पादन हुन्छ । उत्पादनले रोजगारीको माग गर्छ । प्रतिस्पर्धी उत्पादन गर्न सकियो भने निर्यात हुन्छ । यसमा सहुलियत दिन सकियो भने बजार बढ्छ ।  विश्वबजारमा माग बढ्दा थप अवसर सिर्जना हुन्छ । मुलुकको सम्पत्तिमा बढोत्तरी हुन्छ ।

त्यसैले लगानी चहिन्छ, चाहे त्यो स्वदेशी होस् वा विदेशी । तर मुनाफाको सुनिश्चितता नभई लगानी आउँदैन । प्रतिस्पर्धी व्यावसायिक वातावरण भएको ठाउँमा लगानी हुन्छ । नेपालमा त्यो वातावरण बनाउने भनेको सरकार र निजी क्षेत्र मिलेर हो । धेरै समस्याको समाधान लगानी हो ।

दुई दशकमा अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको हिस्सा १२ बाट ५ प्रतिशतमा झरेको छ । उत्पादनमूलक उद्योग विस्तारको अवरोधका रूपमा रहेको कमजोर पूर्वाधार, प्रशासनिक अवरोध, पुँजीको लागतलगायत समस्या समाधानका उपाय खोजी बजेटले गर्नुपर्दछ । अबको प्राथमिकता पूर्वाधारमा विदेशी लगानी आकर्षित गर्ने तर्फ केन्द्रित हुनुपर्छ ।

गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलको संचालन निजी क्षेत्रलाई दिएर दक्षिण एसियाकै सस्तो विमानस्थल बनाउने तर्फ ध्यान दिइनुपर्छ । जसले वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई सहज र सस्तो दरमा टिकट र अन्य सुविधा प्राप्त हुनेछ ।

तीन दशकमा करिब ५० लाख मानिस गरिबीको रेखाभन्दा माथि उक्लिएका छन् । जनसंख्याका आधारमा ४९ औं ठूलो मुलुक हो । भारत, चीन, युरोपियन युनियनलगायतमा नेपाली उत्पादनलाई भन्साररहित पहुँच छ । यहा संचालित बहुराष्ट्रिय कम्पनीहरुले मनग्गे आम्दानी गरि रहेका छन । तर पनि यहाँ लगानी हुँदैन । विदशी लगानीकर्ताले यहाँ लगानी गर्न चाहिरेका छैनन् । विदेशी मुद्रा आर्जनका यी विषय सम्बोधन हुन सकेनन् भने हामी समस्यामा परिरहन्छौं ।

यी बिषयलाई पनि मनन गरि यसपटकको बजेटले निम्न बिषयलाई विशेष प्राथमिकता दिनुपर्छ ।

- तरलता एवं वाह्य क्षेत्र व्यवस्थापन
    - रेमिट्यान्स प्रोत्साहन कार्ययोजना
    - प्रतिष्पर्धी निर्यात
    - विदेशी लगानी सहजीकरण
    - पर्यटन प्रवर्द्धन
    - आयात प्रतिस्थापन
    - पूँजीगत खर्च विस्तार
- औद्योगिकरण
- विद्युत, उत्पादन, प्रशारण एवं निर्यात
- कृषिको इकोसिस्टम विकास
- सुशासन
- राजस्व प्रणाली सुधार कार्ययोजना
- गुणस्तरीय सामाजिक सेवा

## तरलता एवं वाह्य क्षेत्र व्यवस्थापन

वित्तिय क्षेत्रमा औसत १० अर्ब रुपैया तरलता उपलब्ध छ । आठ महिनामा विदेशी विनिमय संचिति करिब १६ प्रतिशतले घटेको छ । तरलता अभाव र वाह्य क्षेत्रमा बढन थालेको जोखिम रोक्न करिब तीनसय वस्तुको आयातमा प्रत्यक्ष अप्रत्यक्ष रोक लगाइएको छ । बढेको पूँजीको लागतमा पनि सबैले व्यवसाय गर्न पाइरहेका छैनन् । यस्तो समस्या देखिदै आएको हो । यसपटक अलि लामो समय रहने देखिएको छ । यस परिप्रेक्षमा आर्थिक बर्ष २०७९ ८० को बजेटले आगामी दिनमा यस्तो समस्या आउन नदिने तर्फ योजना केन्द्रित गर्दै तरलता एवं वाह्य क्षेत्र व्यवस्थापनमा विशेष ध्यान दिनुपर्छ ।

## रेमिट्यान्स प्रोत्साहन कार्ययोजना

अर्थतन्त्रसंग तुलना गर्दा रेमिट्यान्सको हिस्सा करिब २३ प्रतिशत छ । मुलुकका आधा घर परिवारले रेमिट्यान्स प्राप्त गरिरहेका छन् । बैंक वित्तिय क्षेत्रको मुख्य स्रोत पनि विप्रेषण नै हो । चालु आर्थिक बर्षको पछिल्लो समय रेमिट्यान्स आप्रवाह घटेको छ । आठ महिनामा १.७ प्रतिशतले गत बर्षको यसै अवधिभन्दा रेमिट्यान्स घटेको छ । त्यसैले यस बर्षको बजेटमा रेमिट्यान्स सुधारका लागि निम्न योजना समावेश गर्नुपर्छ ।

- औपचारिक माध्यमबाट विप्रेषण पठाउने युवाहरुलाई प्रोत्साहित गर्न पासपोर्ट, कन्सुलर एवं प्रशासनिक सेवामा छुट ।
- बैदेशिक रोजगारीमा जान चाहने शैक्षिक योग्यता र सीप युक्त युवालाई विकसित मुलुकहरु संग रोजगारीका लागि श्रम सम्झौता ।
- वैदेशिक रोजगार सहजीकरण वित्तीय प्याकेज
  - सहुलियतपूर्ण वैदेशिक रोजगार ऋण ।
  - बालबच्चाको नाममा आकर्षक बचत योजना ।
  - औपचारिक रुपमा विप्रेषण पठाउने व्यक्तिको श्रीमान वा श्रीमतिलाई पनि विदेशबाट फर्केपछि उद्यम गर्दा पाइने सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने
  - विदेशमा काम गरिरहेको प्रमाणपत्र र नियमित रकम पठाइरहेको रकमका आधारमा घरजग्गा लगायतमा सहज कर्जा

- रेमिट्यान्स कार्ड बनाएर बैंकहरुलाई थप प्रोत्साहन गर्न प्रेरित गर्ने

## प्रतिष्पर्धी निर्यात

विश्व व्यापार संगठनको सदस्य वनेयता व्यापार घाटा निरन्तर बढिरहेको छ । मूलतः निर्यातजन्य वस्तुको अभावमा निर्यात बढन नसकेको हो । यस बर्ष बढेको करिब ९० प्रतिशतको निर्यातमा मुख्य तीन तेलको हिस्सा आधाभन्दा बढि छ । दिगो निर्यातका लागि बजेटले निम्न बिषयमा ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

- निजी क्षेत्रको नेतृत्व र सरकारको सहकार्यमा नयाँ व्यापार रणनीति (NTIS) निर्माण । उच्च मुल्य अभिवृद्धि हुने वस्तुहरु लक्षित प्रोत्साहन कार्यक्रम
- निर्यातमा हालको पुनरकर्जाको समयावधि न्यूनतम तीन वर्ष हुनुपर्ने ।
- मूल्य अभिबृद्धिको आधारमा १० प्रतिशत सम्म नगद प्रोत्साहन दिनुपर्ने । ३० प्रतिशत मूल्य अभिबृद्धिमा ५ प्रतिशत र ३० प्रतिशत भन्दा बढी मूल्य अभिबृद्धिमा १० प्रतिशत नगद प्रोत्साहनको व्यवस्था गर्नुपर्ने ।
- भारत निर्यातमा पनि नगद प्रोत्साहनको व्यवस्था गर्नुपर्ने ।
- निर्यातकर्ताको खातामा निर्यात रकम प्राप्त भए लगत्तै बैंक मार्फत नै निर्यात अनुदान स्वचालिन प्रणाली अनुसार भुक्तानी दिने व्यवस्था गर्नुपर्ने ।
- ड्युटी ड्र ब्याकको लागि बजेटको व्यवस्था गरी निर्यात हुने भन्सार कार्यालयबाट ३० दिन भित्र फिर्ता दिने व्यवस्था गर्नुपर्ने ।
- निजी क्षेत्रको नेतृत्व र सरकारको सहकार्यमा LDC स्तरोन्नती रणनीति बनाउनु पर्ने । युरोपियन यूनियन, चीन र अमेरिका संग द्विपक्षीय सम्झौता गर्नुपर्ने । उत्पादकत्व बढाउन र व्यापार लागत घटाउन नीति केन्द्रित हुनुपर्ने ।
- अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त (Accredited Lab) प्रयोगशाला स्थापना गर्नु पर्ने । बढी निर्यात हुने मुलुकहरु संग MOU गरी ति ल्यावहरुको शाखा नेपालमा खोल्ने व्यवस्था गर्नुपर्ने वा नेपाल गुणस्तर तथा नापतौल विभागको सर्टिफिकेटलाई मान्यता दिनुपर्ने ।
- हस्तकला र साना उत्पादकहरुको उत्पदनलाई अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउन Export House को नीति बनाई कार्यान्वयन गर्नुपर्ने ।
- निर्यातकर्तालाई हुने जोखिम कमगर्न 'निर्यात क्रेडिट ईन्सुरेन्स' को नीति बनाएर लागु गर्नुपर्ने ।

## विदेशी लगानी एवं सहायता सहजीकरण

वर्षको औसत २० करोड डलर विदेशी लगानी नेपाल भित्रिने गरेको छ । एकै दिन विश्व व्यापार संगठनको सदस्य भएको कम्बोडियामा सन् २०२१ मा ४ अर्ब डलर भित्रिएको छ । अन्य अतिकम विकसित मुलुकहरू रुवान्डा, इथियोपिया र बंगलादेशमा वार्षिक दुई अर्ब डलरभन्दा बढी रकम आउने गरेको छ । लगानी प्रोत्साहन निम्नानुसार गर्न सकिन्छ ।

- निजी क्षेत्रको समेत सहभागितामा वैदेशिक लगानी सहायता कक्ष स्थापना ।
- निजी क्षेत्रको सहभागितामा परियोजना पहिचान गरि भारत, चीन, अमेरिका, बेलायत र युरोपियन युनियन लक्षित लगानी सम्मेलन ।
- महामारी पछिको (Post-Covid FDI Special Package) विशेष योजना । दर्ता, लगानी, रकम फिर्ता लाने व्यवस्था एवं करमा छुट ।
- दातृ निकायहरुको सहायता रकम घटिरहेको सन्दर्भमा निजी क्षेत्रको समेत सहभागितामा आर्थिक कुटनीति र अन्य सम्बन्ध विस्तार ।
- देशको Country rating गर्नुपर्ने । त्यसले वैदेशिक लगानी आकर्षण बढ्ने, निजी क्षेत्र र बैंकले विदेशबाट ऋण लिन सहज हुनेछ ।

## पर्यटन प्रवर्द्धन

सन् २०२० मा पर्यटन बर्ष घोषणा गरेलगत्तै महामारी शुरु भयो । पर्यटक आगमन करिब ८० प्रतिशतले यस अवधिमा घटेको छ । सोही अनुसार पर्यटनबाट हुने विदेशी मुद्राको आर्जन पनि घटेको छ । पर्यटन क्षेत्र सुधारका लागि निम्न सुझाव दिइएको छ ।

- नेपाल सुरक्षित रहेको सन्देश प्रभावकारी रुपमा प्रवाह गर्नुपर्छ । भारत लक्षित उच्च मुल्य अभिवृद्धि हुनसक्ने योजना ल्याउन निजी सार्वजनिक साझेदारी
- पर्यटन पूर्वाधार विकासका लागि चाहिने जग्गा सरकारले न्युनतम भाडा लिई उपयोग गर्न दिनुपर्ने । समयावधि न्युनतम ५० वर्ष गर्नुपर्ने । त्यसपछि स्वतः नवीकरण हुनेगरी ग्राह्यता दिनुपर्ने ।
- रु ५० करोड भन्दा बढी लगानी हुने पर्यटन पूर्वाधारका परियोजनालाई विशेष प्याकेजको व्यवस्था गर्नुपर्ने ।
- पहाडी भूभाग ६८ प्रतिशत भएको मुलुक नेपालमा केबलकार परियोजनालाई विशेष प्याकेजको व्यवस्था गर्नुपर्ने ।

- धार्मिक पर्यटन, विवाह समारोह, सभा सम्मेलन ९:क्ष्ऋभ्०, खेलकुद, स्वास्थ्य उपचार, स्पा, योग ध्यान, सहासिक पर्यटन आदिको प्रवर्द्धनको लागि एकद्धार सेवा प्रदान गर्नुपर्ने ।
- पर्यटन संग सम्बन्धित पूर्वाधारहरु एरपोर्टको स्तर, सार्वजनिक सवारी, वसपार्क, चार्जिङ स्टेशन, पर्यटक सूचना केन्द्रको विकास गर्नुपर्ने ।
- निजी क्षेत्रको संलग्नतामा आर्युबेदिक ग्राम, प्राकृतिक उपचार केन्द्र परियोजनाहरुको विकासको लागि नीति, नियम निर्माण गर्नुपर्ने ।
- भारतीय पर्यटक हरुको लागि नगद रकम बोक्नसक्ने सीमा बृद्धि गरी भा.रु २ लाख पुऱ्याउनु पर्ने । भा.रु. २००, ५०० र २,००० का नोट नेपालमा चल्ने व्यवस्था गर्नुपर्ने ।
- छिमेकी मुलकबाट बैवाहिक समारोहमा आउँदा गरगहना ल्याउने प्रक्रियालाई सहज बनाइनुपर्ने ।
- मेडिकल शिक्षण अस्पतालहरुको विकास गरी छिमेकी राष्ट्र भारत लगायत अन्य सार्क मुलुकहरुका विद्यार्थीको आकर्षक गन्तव्य बनाइनुपर्ने ।
- शिक्षा क्षेत्रमा बढेको राजनीतिक हस्तक्षेपले गुणस्तरीय लगानी रोकिएको छ । तसर्थ, शिक्षा क्षेत्रमा लगानीको वातावरण निर्माण गर्नसके सार्क राष्ट्रहरुको लक्षित शिक्षा क्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।
- उच्च शिक्षा जस्तै IIT/ IIM खालका परियोजनाहरुमा लगानी तथा पूर्वाधार विकास ।
- स्वास्थ्यमा जनताको पहुँच बृद्धि गर्न स्वास्थ्य सेवा बिकेन्द्रिकरण गरी मेडिकल कलेज र अस्पतालहरुलाई प्रोत्साहन हुनुपर्ने ।

## आयात प्रतिस्थापन

एक अर्ब रुपैयाभन्दा बढि मुल्यको आयात भइरहेका सामानहरुको संख्या दुइ सय भन्दा बढि छ । त्यसमध्ये अधिकांश वस्तुहरु नेपालमा उत्पादन गरि आयात न्युनिकरण वा प्रतिस्थापन गर्न सकिन्छ ।

- विश्व व्यापार संगठनमा गरिएको प्रतिवद्धता अनुसार कृषिजन्य उत्पादनमा औसत ४२ र गैर कृषिजन्य उत्पादनमा २४ प्रतिशत भन्सार महसुल लगाउन सकिने हुँदा आयात प्रतिस्थापन हुने वस्तुमा दरवन्दी बढाउन सकिने ।
- एक अर्ब रुपैया भन्दा बढिका करिब २ सय सामान आयात भैरहेको सन्दर्भमा ती वस्तुहरु स्वदेशमै उत्पादन गर्न प्रोत्साहन प्याकजे ल्याउनुपर्ने ।
- शिक्षा र स्वास्थ्यलाई पर्यटनसंग जोडनुपर्ने ।
- कृषि इकोसिस्टममै आमूल सुधार गरि उत्पादन र उत्पादकत्व बढाउनुपर्ने ।

**पूँजीगत खर्च विस्तार**

पछिल्लो दशकमा बजेट र पूँजीगत खर्चको अनुपात बढेको छैन् । विनियोजित पूँजीगत बजेटमा बढिमा औसत ८० प्रतिशत रकम खर्च हुने गरेको छ । जसले नेपालको पुर्वाधार बिकास एवं पूँजी निर्माणको अवस्थालाई दर्शाउछ । पूँजीगत खर्च हुन नसक्दा औद्योगिक पुर्वाधार पनि प्रभावित बनेको छ भने तरलता अभाव पनि बारम्बार हुने गरेको छ । त्यसैले,

- आयोजनाहरुमा खटिने कर्मचारीको सरुवा बढुवा वृत्ति बिकास देखि जवाफदेहिताबारे छुट्टै व्यवस्था गर्नुपर्छ ।
- योजना आयोगका उपाध्यक्ष एवं सदस्यहरुले आ आफ्नो कार्य क्षेत्र अनुसारको आयोजनाको नियमित अनुगमन एवं मुल्यांकन गर्नुपर्छ ।
- प्रधानमन्त्रीले कम्तीमा महिनामा एकपटक महत्वपूर्ण आयोजनाको अवस्थाबारे जानकारी एवं निर्देशन दिनुपर्छ ।

**दिगो औद्योगिकरण**

दुई दशकमा अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको हिस्सा १२ बाट ५ प्रतिशतमा झरेको छ । उत्पादनमूलक उद्योग विस्तारको अवरोधका रूपमा रहेको कमजोर पूर्वाधार, प्रशासनिक अवरोध, पुँजीको लागतलगायत समस्या समाधानका उपाय खोजी बजेटले गर्नुपर्दछ ।

- उद्योग स्थापना गर्दाका IEE, EIA लगायतका प्रशासनिक प्रक्रिया, नियमन र बर्हिगमन एकद्वार मार्फत गर्नुपर्ने ।
- प्रत्येक गाउँपालिकामा पहाडमा १००० रोपनी र तराईमा १०० विगाह जग्गामा पूर्वाधार सहितको औद्योगिक क्षेत्र वा ग्राम स्थापना गर्नुपर्ने ।
- कच्चा पदार्थमा लाग्ने भन्सार महसुल तयारी वस्तु भन्दा तीन तह कम हुनुपर्ने ।
- औद्योगिक व्यवसाय ऐन २०७६ को दफा ले प्रत्याभुत गरेका सुविधा अर्को ऐनले काट्न नपाउने ।
- तीस प्रतिशत भन्दाबढी मूल्य अभिबृद्धि गर्ने र आयात प्रतिस्थापनमा मद्दत पुग्ने उद्योगहरुलाई प्रोत्साहन दिई औद्योगिकरण लाई प्रवर्द्धन गर्नुपर्ने ।
- तरलताको चरम अभाव खेपिरहेको अवस्थामा निजी क्षेत्रको मू.अ. कर क्रेडिट लाई पासबुक सरह आयातमा व्यवस्थापन गर्नुपर्ने ।
- उद्योगमा निर्वाध बिजुली आपूर्ति गर्नुपर्ने । अघोषित लोडसेडिङ्गको अत्य गर्नुपर्ने ।

- उर्जाको खपत बढि गर्ने उद्योगलाई समानुपातिक रुपमा महसुल कम गर्दै जाने व्यवस्था र निर्यात मुलक उद्योगलाई उर्जाको दर कम हुनुपर्ने ।
- बिजुलीको निर्यात दरमा नै स्वदेशी उद्योगलाई विजुली उपलब्ध गराउनु पर्ने ।
- रुग्ण उद्योग पुर्नस्थापनाका लागि सरकारले छुट्टै ब्ककभत :बलबनभ्भलत ऋफउबलथ स्थापना गर्नुपर्ने ।
- Skill Mismatch को समस्या भएकोले उद्योगको लागि चाहिने सीप भएका जनशक्ति उत्पादन गर्नुपर्ने ।
- उत्पादनमूलक उद्योगलाई अन्य व्यवसाय भन्दा १ प्रतिशत कम व्याजदरमा कर्जा प्रवाह गरिनु पर्ने ।
- बारम्बार आउने तरलताको समस्याको दीर्घकालिन समाधान गर्नुपर्ने ।
- एक पटकको लागि पुनरकर्जा नवीकरण गरी एक वर्ष समय सीमा थप गर्ने व्यवस्था गरिनुपर्दछ ।
- हदबन्दी भन्दा बढीको जग्गा बैंकमा धितो राखी कर्जा लिन सकिने र बिक्री गर्न सकिने व्यवस्था गर्नुपर्ने ।
- प्राकृतिक श्रोतमा आधारित उद्योगले भूमी सट्टापट्टा गनुपर्ने व्यवस्था कठिन भएकोले दीर्धकालिन लिजको व्यवस्था गर्नुपर्ने ।
- भूमीको बर्गिकरण गरी खेती, आवसीय र औद्योगिक जग्गा छुचाइनु पर्ने ।
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ कार्यान्वयनमा आइसकेको सन्दर्भमा बोनस ऐन २०३० खारेज गर्नुपर्ने ।
- कच्चापदार्थ, सहायक कच्चापदार्थ र प्याकेजिङ्ग मेटेरियल्समा तिरेको अन्तःशुल्क फिर्ताको व्यवस्था हुनुपर्ने ।
- आय कर क्रेडिटलाई फिर्ताको व्यवस्था गर्नुपर्ने ।

## <u>उर्जा आवास एवं पुर्वाधार</u>

अहिले ४ सय ५० मेगावाट हाराहारी बिजुलीको कमी देखिएको छ । उर्जा उपभोग बढाउनुपर्ने भन्दै आएको विद्युत प्राधिकरण अघोषित लोडसेडिंग गरिरहेको छ । विद्युत कमी हुदा सिधै उद्योगलाई मारमा पार्ने परम्परागत प्रवृत्ति अनुकुल नै उद्योगहरुमा ४,५ दिनदेखि बिजुली कटौति गरिएको छ । ७ हजार १० मेगावाट क्षमताका जलविद्यूत आयोजना निर्माणधीन अवस्थामा छन । उर्जाका अवस्था फेरिनेछ । यसपटकको बजेटले उर्जा आवास एवं पुर्वाधारमा निम्न योजना समावेश गर्नुपर्दछ ।

- तीन वर्ष देखि रोकिएको जलविद्युत र सौर्य उर्जाको एएब खोली लगानी बृद्धि र उर्जाको उत्पादन बृद्धि गर्नुपर्ने ।

- विद्युत प्राधिकरणको अनवन्डलिंग आवश्यक
- Wheeling Agreement सम्बन्धी नियम अभिलम्ब बनाउनुपर्ने । निजी क्षेत्रलाई विद्युत ब्यापर खुला गर्नुपर्ने ।
- अन्तरदेशीय Connectivity हुनेगरी Transmission Line हरुको निर्माण गर्नु पर्ने ।
- निजी क्षेत्रवाट निर्माण हुने जलविद्युत आयोजनाहरूको पहुँच मार्ग एवं प्रशारण लाइन निर्माणको लागि आवश्यक वजेटको व्यवस्था गरिनुपर्ने ।
- उद्योग स्थल सम्म विद्युत पुर्‍याउनको लागि आवश्यक फिडर र पूर्वाधारको निर्माण द्रुत गतिमा गर्नुपर्ने र निजी क्षेत्र आफैले गर्न चाहेको खण्डमा सोको खर्च गरी सरकारबाट सोधभर्ना पाउने व्यवस्था हुनुपर्ने ।
- उर्जा खपत बृद्धिका लागि चुलो र इलेक्ट्रीक उपकरणको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने ।
- ५० मेगावाट वा सोभन्दा बढीको जलासय र अर्धजलासय विद्युत उत्पादन गर्ने परियोजनालाई २०० मेगावाट का जलासय र अर्धजलासय परियोजनालाई दिए सरह १५ वर्ष आयकर छुटको सुबिधा दिनुपर्ने ।

**<u>प्राकृतिक स्रोत</u>**

- मापदण्ड निर्धाण गरी चुनढुङ्गा, गिट्टी, बालुवाको उत्खानन् तथा निकासी सहज गर्नुपर्ने ।
- क्लिङ्कर र सिमेन्ट निकासीको प्रोत्साहन नीति बनाउनु पर्ने ।
- जडीबुटीको प्रसोधन र बन पैदावारको उपभोग तथा निकासीको प्रवर्द्धन गर्नुपर्ने ।

**<u>आवास एवं शहरी पूर्वाधार</u>**

- व्यवस्थित वस्ती विकासका लागि नेपाल सरकारद्वारा संचालन हुने शहरी विकास आयोजनामा निजी क्षेत्रलाई सहभागि गराउनुपर्ने ।
- रियल स्टेट व्यवसायलाई अन्य उद्योग कर्जा पुनरसंरचना, पुनरकर्जा एबं ओभर ड्राट सुबिधा दिइनुपर्ने ।
- विदेशीलाई अपार्टमेन्ट बिक्री गर्ने सम्बन्धमा कानून बनाई लागु गर्नुपर्ने ।
- घरजग्गाको खरिद बिक्रीलाई नियमन गरी पारदर्शी कारोबारलाई प्रवर्द्धन गर्न रजिष्टर्ड ब्रोकरको व्यवस्था गर्नुपर्ने ।

**<u>घरेलु तथा साना उद्यम बिकास</u>**

- ऋभ्क को विकास, विस्तार एवम् प्रवर्द्धनका लागि छुट्टै निकाय गठन गर्नुपर्ने,

- कम्तिमा ५ वर्षका लागि सहुलियत दरमा कर्जा एवम् पुनरकर्जाको व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानु पर्ने,
- साना उद्यम व्यवसाय दर्ता गर्दा हुने प्रशासनिक एवम् प्रक्रियागत झण्झटको सहजताका लागि एकद्वार प्रणालीबाट दर्ता गर्ने व्यवस्था हुनुपर्ने, प्रदेश तहमा कम्पनी रजिस्ट्रारको कार्यालय स्थापना गरिनुपर्ने,
- लघु, घरेलु र साना व्यवसायलाई गत बर्ष दिइएको आयकर छुटलाई निरन्तरता दिइनुपर्ने ।
- लघु, घरेलु, साना तथा मझौला ९कःम्क० हरुलाई सहुलियत कर्जालाई निरन्तरता दिइनु पर्ने । साथै ५ प्रतिशत ब्याजदरमा पुनरकर्जाको व्यवस्था लाई निरन्तरता दिइनु पर्ने ।
- घरजग्गा धितो नराखि व्यवसायिक योजना (परियोजना कर्जा) को आधारमा कर्जा उपलब्ध गराउनुपर्ने
- एउटा स्थानीय तहबाट अर्कोमा जाँदा लाग्दै आएको तथाकथित निकासी कर लिनेलाई कारवाही हुनुपर्ने
- लघु, घरेलु उद्योगको बीमा गर्दा लाग्ने प्रिमियममा ५० प्रतिशत छुट दिनुपर्ने,
- अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न बस्तु अनुसारको बजार पहिल्यानुपर्ने,
- उस्तै प्रकृतिका ठूला र साना उद्योगहरुको विचमा सम्पर्क स्थापना गर्नुपर्ने,
- उद्यमीहरुबाट उत्पादित वस्तुहरुको बजार प्रवर्द्धनका लागि कम्तीमा हरेक प्रदेशमा हस्तकला ग्राम, औद्योगिक ग्राम, कोशेली घर, सौगात गृह जस्ता विक्री कक्षहरु स्थापना गर्ने,
- साना उद्यमीहरुलाई अध्ययन अवलोकन भ्रमणका लागि सहयोग र समन्वय गरिदिनुपर्ने,
- Online Marketing / Digital Marketing र E-commerceको माध्यमबाट बजार विस्तारमा सघाउनु पर्ने,

## स्टार्ट अप एण्ड इनोभेसन

- आर्थिक बर्ष २०७८ ७९ को बजेटमा उल्लेख भएको कोष एवं २५ लाख सम्म परियोजना कर्जा दिने व्यवस्था कार्यान्वयन हुनुपर्ने
- स्टार्ट अपलाई कर छुट सम्बन्धि व्यवस्था कार्यान्वयन हुनुपर्ने
- स्टार्ट अपको परिभाषा सहित स्टार्ट अप नीति वन्नुपर्ने

## महिला उद्यमशीलता कार्यक्रम

- सातैवटा प्रदेशमा महिला उद्यमीहरुका लागि औद्योगिक ग्रामका साथै महिला उद्यमीहरुबाट उत्पादित वस्तुहरुको विक्री कक्ष स्थापना गरिनु पर्ने ।

- सहुलियत ऋण कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- स्थानीय स्तरका महिलाहरुका लागि गाउँपालिका/नगर पालिकामा उद्यमशीलता विकासका लागि स्पष्ट रुपमा बजेट छुट्याइनु पर्ने ।

**पूँजी बजार**

- विदेशी नागरिकले नेपाल धितोपत्र बिनिमय बजारमा शेयर खरिद बिक्री गर्ने व्यवस्था गर्नुपर्ने ।
- Foreign Currency को कारोबार खुल्ला गर्नुपर्ने- कम्तिमा नेपाली रुपैयाँ र अमेरिकन डलरको कारोबार गर्ने व्यवस्था मिलाएको खण्डमा हेजिङ्गको समस्यालाई टेवा पुग्ने छ ।
- नेप्सेमा इन्ट्रा डे, सर्टसेल लगायतका उपकरणको व्यवस्था ल्याइनुपर्ने ।
- प्रमोटर शेयरलाई साधारण शेयर सरह कारोबार गर्ने व्यवस्था गर्नुपर्ने ।
- Commodity Market थप विकास गर्नुपर्ने ।

**वाणिज्य**

- उधारो संकलनगर्ने कानुन बनाइनुपर्ने ।
- कालाबजारी एबं अन्य सामाजिक अपराध तथा सजाय सम्बन्धी ऐन २०३२ लाई समय सापेक्ष परिवर्तन र्नुपर्ने । २० प्रतिशत भन्दा बढी नाफा लिन नपाउने व्यवस्था लाई खारेज गर्नुपर्ने ।
- एजेन्सी दर्ता, फर्म दर्ता र खारेजी र EXIM Code खारेजी गर्ने प्रक्रिया सहज गर्नुपर्ने ।
- DAP/ TT अनुमति लिदा लाग्ने शुल्क घटाउनुपर्ने ।
- प्राईभेट फर्महरुको नवीकरण निश्चित समय भित्र गर्नुपर्ने भनी समय सीमा उल्लेख गर्नु भन्दा जुनसुकै समयमा पनि जरिवाना लिएर नवीकरण गर्न सकिने गरी ऐनमा व्यवस्था गर्नु पर्ने ।
- विदेशी Shipping company ले नेपालमा शाखा खोलेमा Repatriation को व्यवस्था गर्नुपर्ने ।
- E-Commerce, Digital Economy लाई प्रवर्द्धन गर्नुपर्ने ।

**कृषि इकोसिस्टम सुधार कार्ययोजना**

- माटो परिक्षण देखि कृषि उपजको बजारीकरणसम्मको प्रक्रियामा आमूल परिवर्तन हुने गरि कृषि इकोसिस्टम बिकास कार्यक्रम शुरु गर्नुपर्ने
- प्रत्येक गाउपालिकामा कम्तीमा एक कृषि बजार र चिस्यान केन्द्र

- प्रत्येक गाउपालिकाले मोबाइल एप वा एसएमएस मार्फत कृषि उपजको दैनिक मुल्य एवं अन्य जानकारी उपलब्ध गराउनुपर्ने
- कृषक कार्ड जारि गरि गैर मौद्रिक सहुलियत जस्तो कि बसमा आरक्षित सिट, अन्य सरकारी सेवा लिन सहज हुने लगायतको व्यवस्था
- कम्तीमा ३ बर्ष कृषि कर्म गरेको एवं उत्पादन र उत्पादकत्वको आधारमा मात्रै अनुदान दिने व्यवस्था गरिनुपर्ने
- कृषि कर्म शुरु गर्न चाहनेलाई शुरुका तीन बर्ष ब्याज अनुदान मार्फत बैंकबाटमात्र सहुलियत दिने व्यवस्था गरिनुपर्ने
- प्रधानमन्त्री कृषि कार्यक्रमको पुनरावलोकन गरि उच्च मुल्य अभिवृद्धि हुने स्थान र वस्तुमा मात्र केन्द्रित गर्नुपर्ने
- राजमार्ग छेउमा भेडाबाखा पालनलाई प्रोत्साहन ।
- छुर्पिको गुणस्तर निर्धारण गरि निर्यात प्रोत्साहन ।
- कृषि क्षेत्रमा उन्नती हासिल गरेका मुलुकहरु संग नेपाली नागरिकले सीप, प्रविधी, तालिम लिने व्यवस्था गर्नुपर्ने । उत्पादकत्व बढाउन हाइब्रिड अन्न उत्पादन सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्ने ।
- करार खेती ऐन ल्याइनु पर्ने ।
- समयमा मल, बीउको उपलब्धता सुनिश्चिता र सिंचाईको सुविधा उपलब्ध गराउनु पर्ने ।
- खाद्यान्न प्रशोधन उद्योगलाई सहुलियत कर्जाको व्यवस्था गर्नुपर्ने ।
- कृषि उपज बिक्रीको लागि मण्डीको विकास गर्नुपर्ने ।
- कृषिको व्यवसायिकरणको लागि भूमीको हदबन्दी हुन नहुने । आय कर ५ प्रतिशत लाग्ने व्यवस्था गर्नुपर्ने ।

## राजस्व प्रणाली सुधार

यसैगरि यस पटकको बजेटलाई सामाजिक न्याय सहितको खुला बजार व्यवस्था निर्माणका लागि राजश्व नीतिमा निम्न बिषयमा विशेष ध्यान दिनु जरुरी छ ।

- शुन्य दर, ५ प्रतिशत र १३ प्रतिशत बहुदरको मूल्य अभिबृद्धि कर लागु गर्नुपर्ने ।
- करको सिघ्र बिवाद समाधान गर्न स्थायी प्रकृतिको विवाद समाधान संयन्त्र बनाउनुपर्ने ।
- भि.सि.टि.एस. लागु भइसकेपछि नक्कली बीजक र मिसम्याचको समस्याको निराकरण हुनुपर्ने ।
- पुराना कर कानूनको व्यवस्था एबं पुर्ख्यौली रुपमा नेपाली सामाजिक परम्परा अनुसार लामो समय देखि बैध रहेको सम्पत्तिहरु राजस्व सम्बन्धी नयाँ कानून आउदा अबैध देखिएका छन् । बैध सम्पत्ति नै पछिल्लो समय लगानी हुन नसकि रहेको अवस्थामा प्राकृतिक व्यक्तिलाई शुन्य दरमा एक पटकको लागि सम्पत्ति अभिलेखिकरणको व्यवस्था गर्नुपर्ने ।

- भन्सार, आन्तरिक राजश्व विभाग र राजश्व अनुसन्धान विभागको सफ्टवेयर एकअर्कामा जोडनुपर्ने ।
- सामान खरिद गर्दा अनलाइन भुक्तानीलाई प्रश्रय दिन सहुलियत दिइनुपर्ने ।
- विदेशी सहायोगमा संचालित परियोजना र सरकारी निकायलाई दिदै आएको मु अ कर छुटको व्यवस्था खारेज गर्नुपर्ने ।

**भन्सार**

- भन्सारका दर स्वदेशी उद्योगलाई संरक्षण र प्रवर्द्धन गर्ने तर्फ निर्देशित हुनुपर्ने ।
- मालवस्तु पैठारीगर्दा तयारी वस्तुभन्दा कच्चापदार्थको भन्सार महशुल तीन तह कम हुनुपर्ने ।
- जाँचपास पछिको परिक्षण (PCA) दुई वर्ष भित्र सम्पन्न गरि सक्नुपर्ने ।
- तेश्रो मुलुकमा उत्पादित सामानहरु भारतबाट बीजक जारी गरि नेपाल आयात गर्न पाउने व्यवस्था गरिनुपर्ने ।
- राजस्वमा फरक नपर्ने अवस्थामा उत्पत्तीको मुलुक फरक परेमा जरिवाना गर्न नहुने ।
- धरौटीमा छुटेका सामानको सम्बन्धमा ३० दिन भित्र निर्णय गर्नुपर्ने ।
- सुविधा सम्पन्न अन्तर्राष्ट्रिस्तरको Accredited Laboratories, Quarantine, Fumigation, Dispensing Booth, Cold Room लगायतका भौतिक पूर्वाधारहरु प्रमुख भन्सार नाकाहरुमा हुनु पर्ने ।
- कम्तिमा नेपाल स्ण्यान्टर्डका वस्तुमात्र पैठारी गर्न दिनुपर्ने ।

**आय कर**

- आयमा कर छुटको सीमा व्यक्तिको लागि रु. ७ लाख र दम्पतिको लागि रु. ८ लाख गर्नु पर्ने ।
- मेडिकल बीमा, जीवन बीमा, दुर्घटना बीमा मा गरेको रु एकलाख सम्मको खर्चलाई आयकर छुटको व्यवस्था गर्नुपर्ने ।
- पहिलो अपार्टमेन्ट वा घर खरिद गर्दा वार्षिक ५० हजार सम्म रकमको ब्याज खर्च लेख्न पाइने व्यवस्था गर्नुपर्ने ।
- संस्थागत आय करको दर घटाइनुपर्ने ।
- बैंक, वित्तीय संस्था, बीमा, मनि ट्रान्सफर लाई लाग्ने संस्थागत आयकरको दर २५ प्रतिशत गर्नुपर्ने ।
- पारिश्रमिक आयकरको वर्तमान स्ल्याव न्यूनिकरण गरी ५, १५, २५ प्रतिशत गर्नुपर्ने ।
- प्रोप्राइटरसिप फर्मलाई Surcharge नलाग्ने व्यवस्था गर्नुपर्ने ।
- आसामी उठाउन नसकेको र अग्रीम भुक्तानी गरेको रकममा ब्याज Add back गरेको गैह्र कानूनी प्रक्रिया अविलम्ब खारेज गर्नुपर्ने ।

- दुई वर्ष भन्दा बढीको उधारो संकलन हुन नसकेमा कारोबारको दुई प्रतिशतमा नबढ्नेगरी त्यस्ता Bad Debt रहेका रकमलाई करदाताले चाहेमा Write off गर्ने व्यवस्था गरिनु पर्ने ।
- उर्जा बचत तथा बैकल्पिक उर्जाको प्रयोग र वातावरण संरक्षणको लागि गरेको पू"जीगत लगानी सोही आर्थिक वर्षमा खर्च लेख्न पाउनु पर्ने ।
- मोलासिसबाट उत्पादित इएनए सेनिटाइजर, रक्सीको कच्चा पदार्थ भएको हुनाले चिनी उद्योगले उत्पादन गरेको इएनएको छुट्टै आय कायम गरी नोक्सानीमा मिलान नगर्ने व्यवस्था खारेज हुनुपर्ने ।
- जरिवानाका दरहरु कसुरको आधारमा समानुपातिक बनाई घटाइनु पर्ने ।
- संसोधित कर निर्धारण (फुल अडिट) दुई वर्ष भित्र सम्पन्न गरि सक्नुपर्ने ।
- संसोधित कर निर्धारण (फुल अडिट) गरेको अन्तिम वर्षको मात्र ब्याज लगाउनु पर्ने ।
- आन्तरिक राजस्व विभागबाट अनुमति लिएर चार वर्ष पछि पनि संसोधित कर निर्धारण गर्ने हालको प्रक्रियालाई खारेज गर्नुपर्ने ।
- बाँकी बक्योता रहेको कर निश्चित अवधि (५ वर्ष) भित्र असुल उपर गरिसक्नु पर्ने र सो अवधी पछि सरकारले माग गर्न नपाउने व्यवस्था हुनुपर्ने ।
- महालेखा परिक्षकले निकालेको बेरुजु कर कार्यालयको बेरुजु भएकोले सोको जिम्मेवारी समेत कर कार्यालयकै भएकोले बेरुजुको नाममा करदातालाई त्रसित गर्न नहुने ।
- आयकर ऐनको दफा ५७ लाई खारेज वा पुनरव्याख्या गर्नु पर्ने । ऐनको दफा २(द) मा भएको ब्यवस्था सरह तीन पुस्त बिच गैर ब्यवसायिक कारोबार लागु हुन नहुने ।
- औद्योगिक व्यवसाय ऐन २०७६ मा भएको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको खर्च आयकरमा खर्च कट्टी गर्न पाउने व्यवस्था गर्नुपर्ने ।
- मुनाफाको ४० प्रतिशत सोहि कम्पनीमा पुर्नलगानी गरेमा आय कर छुटको व्यवस्था हुनुपर्ने ।
- कर्णाली र सुदुरपश्चिम प्रदेशमा स्थापना हुने उद्योग, पर्यटन कम्पनीलाई आयकर छुटको व्यवस्था गर्नुपर्ने ।
- सबै करदाताको कर चुक्ता प्रमाणपत्र विद्युतीय माध्यमबाट जारी गर्ने व्यवस्था गर्नुपर्ने । कर चुक्ता प्रमाण पत्रमा कारोबार रकम उल्लेख गर्न नहुने ।

**<u>मूल्य अभिबृद्धि कर</u>**

- सरकारी निकायसंग गरिने निर्माण तथा मालवस्तु आपूर्तिको ठेक्कामा लाग्ने मू.अ. करको ३० प्रतिशत कर रकम कट्टा गर्ने व्यवस्था खारेज गर्नुपर्ने ।
- मूल्य अभिवृद्धि कर माफी भएका बस्तुहरु उत्पादन गर्ने उद्योगले शुन्य दरमा मू.अ. करमा ऐच्छिक रुपमा दर्ता हुनसक्ने व्यवस्था गरिनु पर्ने ।

- आन्तरिक राजस्व विभागबाट अनुमति लिएर चार वर्ष पछि पनि अडिट गर्ने हालको प्रक्रियालाई खारेज गर्नुपर्ने ।
- लगातार चार महिना क्रेडिट भएको रकम फिर्ता गर्ने हालको व्यवस्थालाई संसोधन गरी लगातार एक महिना सम्म क्रेडिट भएको रकम फिर्ता पाउने व्यवस्था गर्नुपर्ने । सो रकम फुल अडिट नगरिकन मूल्य अभिबृद्धि करको भेरिफिकेसन अडिटको आधारमा फिर्ता गर्ने व्यवस्था गर्नुपर्ने ।
- Reverse VAT क्रेडिट गर्नपाउने व्यवस्था गर्नुपर्ने ।
- स्थानीय उद्योगहरुको प्रतिस्पर्धी क्षमता बढाउन र समान अवसर (Equal level Playing Field) प्रदान गर्न हाल विभिन्न संस्था, निकाय, प्रहरी, सेना र परियोजनालाई दिदै आएको मु.अ. कर छुट दिने व्यवस्थालाई खारेज गर्नुपर्ने ।
- साना व्यवसायलाई मू.अ. कर र विवरण चौमासिक रुपमा बुझाउने व्यवस्था गर्नुपर्ने ।
- हाल चार महिना भएकोमा यसलाई संसोधन गरी लगातार दुई महिना सम्म मिलान गरेर बाँकी रहेको रकम फिर्ता पाउने व्यवस्था गर्नुपर्ने ।

**अन्तःशुल्क**

- सुर्ती, मदिरा र सवारी साधन बाहेक अन्य सबै वस्तुहरुमा अन्तःशुल्कको दरलाई क्रमशः घटाउदै तीन वर्ष भित्र शुन्य गर्नुपर्ने ।
- प्याकेजिङ्ग र सहायक कच्चापदार्थमा अन्तःशुल्क क्रेडिट पाउने व्यवस्था लागुगर्नुपर्ने ।
- मदिरामा हाल युपीको आधारमा अन्तःशुल्क लागि रहेकोले अल्कोहल कन्टेन्टको आधारमा समानुपातिक रुपमा अन्तःशुल्क लगाउनुपर्ने ।

**बक्यौता कर**

- आन्तरिक राजस्व विभागमा मात्रै आर्थिक वर्ष २०७८-७९ को लागि प्रशासकीय पुनरावलोनमा १०७३ निवेदनको निर्णय हुन बाँकी छन् । चालुआर्थिक वर्ष २०७९-८० मा नयाँ निवेदन थपिएका छन् । राजस्व न्ययाधिकरणमा पनि मुद्दाहरुको फैसला हुन बाँकी छन् । यसरी रु एक खर्ब भन्दा बढी बक्यौता बाँकी छ ।

**राजस्व न्याय प्रणाली**

- राजस्व न्यायाधिकरणको पुर्नसंरचना गरि राजस्व सदस्य र लेखा सदस्य स्वतन्त्र विज्ञ व्यक्ति रहने व्यवस्था गर्नुपर्ने ।
- प्रशासकीय पुनरावलोकनमा जाँदा १० प्रतिशत धरौटी र राजस्व न्यायाधिकरणमा जाँदा थप १० प्रतिशत बैंक ग्यारेन्टी धरौटीको रुपमा राख्ने व्यवस्था गर्नुपर्ने ।
- करदाताको पक्षमा फैसला भएमा फिर्ता पाउने रकममा ब्याज समेत दिइनुपर्ने ।

- राजस्व न्यायाधिकरणमा अध्यक्ष र सदस्यहरु खालि भएमा तत्काल तोक्नुपर्ने ।
- राजस्व सम्बन्धी कानूनहरुमा रहेका जरिवानालाई क्रमशः घटाउंदै जानुपर्ने ।
- आर्थिक कसुरमा आर्थिक जरिवाना गर्नुपर्ने ।

**शुसासन**

मुलुकमा लगानी अभावको एउटा प्रमुख कारण शुसासनको अभाव रहेको हुदा सरकार र सेवाग्राहीबीच हुने सबै प्रकारका सेवा आदान प्रदान एवं भुक्तानी अनलाइन माध्यमबाट हुनेछन । कम्पनी रजिष्टारको कार्यालय पूर्ण रुपमा स्वचालित गरि कम्तीमा सबै प्रदेशमा एउटा स्थापना गरिनेछ ।

# राजस्व न्यायाधिकरण ऐन २०३१

| क.सं. | ऐनको दफा /उपदफा | ऐनको मौजुदा व्यवस्था | संशोधन गरिनु पर्ने व्यवस्था | संशोधन गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा ४ न्यायाधिकरणको सदस्य हुन योग्यता (ख) | राजस्व सदस्यको लागि स्नातक भएको र राजस्व प्रशासनमा सात वर्ष अनुभाव प्राप्त गरेको । | राजस्व सदस्यको लागि स्नातक भएको र राजस्व प्रशासनमा सात वर्ष अनुभाव प्राप्त गरेको वा **कर विज्ञ** । | राजस्व न्यायाधिककरणमा राजस्व प्रशासनकै कर्मचारी रहदा राजस्व प्रशासनले गरेको कर निर्धारणलाई राजस्व सदस्यले हेर्ने दृष्टिकोण त्यहिनै हुन्छ । |
| २ | दफा ४ न्यायाधिकरणको सदस्य हुन योग्यता (ग) | लेखा सदस्यको लागि स्नातक भएको र लेखा प्रशासनमा सात वर्ष अनुभाव प्राप्त गरेको । | लेखा सदस्यको लागि स्नातक भएको र लेखा प्रशासनमा सात वर्ष अनुभाव प्राप्त गरेको **वा लेखा विज्ञ वा चाटर्ड एकान्टेन्ट ।** | स्वतन्त्र व्यक्तिको राय आवश्यक हुने भएकोले । |
| ३ | दफा ९ पुनरावेदन सम्बन्धमा धरौटी राख्ने र म्याद (१) (क) | कर निर्धारण भएकोमा निर्धारित करको **पचास प्रतिशत** रकम र जरिवाना भएकोमा जरिवाना रकम र दुबै भएकोमा निर्धारित करको **पचास प्रतिशत** रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा । | कर निर्धारण भएकोमा निर्धारित करको **दश प्रतिशत** रकम र जरिवाना भएकोमा जरिवाना रकम र दुबै भएकोमा निर्धारित करको **दश प्रतिशत** रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा । | न्याय पाउन लागत उच्च भएको । |

## आय कर ऐन २०५८

| क.सं. | ऐनको दफा /उपदफा | ऐनको मौजुदा व्यवस्था | संशोधन गरिनु पर्ने व्यवस्था | संशोधन गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा ५७. | नियन्त्रणमा परिवर्तन | हटाउनु पर्ने । | हालको अवस्थामा तीन वर्ष सम्म बहिर्गमन नदिने नियन्त्रणमुखी व्यवस्था हटाई नयां लगानी आकर्षण गर्न र शेयर खरिद बिक्री सरल बनाउन बान्छनीय भएकोले । |
| २. | दफा ८८. लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा कर कट्टी (८) | ढुवानी सेवा वापतको तथा ढुवानी साधन भाडामा दिए वापतको भुक्तानी रकममा दुई दशमलब पांच प्रतिशतका दरले । | हटाउनु पर्ने । | फ्रेट फर्वार्डर्स, कार्गो सेवामा वास्तविक आय न्युन रहेको । |
| | दफा ७६. पूर्वादेश : | उपदफा (१) कुनै व्यक्तिले आफूद्वारा प्रस्तावित वा आफूले मानेको कुनै प्रवन्धका सम्बन्धमा यो ऐन लागू हुने अवस्था बारे कुनै द्विविधा | उपदफा (१) कुनै व्यक्तिले आफूद्वारा प्रस्तावित वा आफूले मानेको कुनै प्रवन्धका सम्बन्धमा | करदाताको सेवामा प्रभावकारिता बृद्धि हुने र त्रुटिपूर्ण विवरण |

| | | | | |
|---|---|---|---|---|
| | | निराकरणका लागि विभाग समक्ष लिखित रुपमा निवेदन दिएमा विभागले सो व्यक्तिलाई लिखित रुपमा सूचित गरी विभागको धारणा तोकिए बमोजिम पूर्वादेशद्वारा जारी गर्न सक्नेछ । | यो ऐन लागू हुने अवस्था बारे कुनै द्विविधा निराकरणका लागि विभाग समक्ष लिखित रुपमा निवेदन दिएमा विभागले **निवेदन दर्ता भएको ३० दिन भित्र** सो व्यक्तिलाई लिखित रुपमा सूचित गरी विभागको धारणा तोकिए बमोजिम पूर्वादेशद्वारा जारी गर्न सक्नेछ । | दाखिलामा कमि आउने । त्रुटिपूर्ण कर निर्धारणमा कमि आउने । |
| ३ | दफा १०१. संसोधित कर निर्धारण<br><br>उपदफा (३) | विभागले दफा (१) वा (२) बमोजिम कर निर्धारण गर्दा देहायको मितिले **चार वर्ष भित्र** गरिसक्नु पर्ने छ ।<br><br>उपदफा (४) : दफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि जालसाजीले गर्दा कुनै व्यक्तिको कर निर्धारण गलत ढंगबाट भएको रहेछ भने जुनसुकै बखत विभागले त्यस्तो कर निर्धारणमा संशोधन गर्न सक्नेछ । यसरी संसोधन गर्दा जालसाजी गरी विवरण राखेको वा कर निर्धारण गरेको जानकारी प्राप्त भएको एक वर्ष भित्र संशोधन गरिसक्नु पर्नेछ । | उपदफा (३) : दफा (१) वा (२) बमोजिम कर निर्धारण गर्दा देहायको मितिले **दुई वर्ष भित्र** गरिसक्नु पर्ने छ ।<br><br>**जुन वर्ष कर निर्धारण हुने हो त्यहि वर्ष देखि शुल्क, ब्याज तथा जरिवाना लाग्ने छ ।**<br><br>उपदफा (४) : … … …हटाउने । | कतिपय अवस्थामा दफा १२० बमोजिमको जरिवाना लाग्ने भएको र कर कार्यालयको ढिलो कर निर्धारणले गर्दा करदातालाई सुरु देखिनै जरिवानाको रकम तिर्नु पर्ने ।<br>दफा ११३ मा बढि दाखिला गरेको कर फिर्ता पाउन दुई वर्ष भित्र निवेदन दिनु पर्ने व्यवस्था भएकोले एकरुपता हुने । |

| | | | | |
|---|---|---|---|---|
| ४ | दफा १२०. झुट्टा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई लाग्ने शुल्क | (क) जानीजानी वा लापरबाहीपूर्वक गरेको नभई भुलवस झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको **५० प्रतिशत** ।<br><br>(ख) जानीजानी वा लापरवाही गरेको कारणले झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको **एक सय प्रतिशत ।** | (क) जानीजानी वा लापरबाहीपूर्वक गरेको नभई भुलवस झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको **१० प्रतिशत ।**<br><br>(ख) जानीजानी वा लापरवाही गरेको कारणले झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको **२५प्रतिशत ।**<br><br>(ग) न्यायिक प्रणालीमा गएका करदाता माथि थप करको दायित्व सृजना हुन गएमा दफा ११९ र दफा १२० को दायित्व को गणना फैसला भएको मिति देखि हुनुपर्ने ।<br><br>(घ) महालेखा परिक्षकको बेरुजुको कारणले करदाता माथि थप करको दायित्व सृजना हुन गएमा दफा ११९ र दफा १२० को जरिवाना नलाग्नु पर्ने । | जरिवाना लगाई कर उठाउने सरकारको मनसाय नरहेको, भुलबस विवरण दाखिला हुन गएको लाई ५० प्रतिशत जरिवाना न्याय संगत नहुने ।<br>यो दफा जानाजानी र बदनियतपूर्ण उद्देश्यले झुटा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई मात्र दण्डित गर्ने उद्देश्यले शुल्क लगाउन ऐनमा राखिएको भएता पनि कर निर्धारणमा व्यवसाय संग सम्बन्धित खर्च नभएको वा पुष्टयाइ गर्न नसकेको खर्चहरुको लेखाजोखा गरी पूनः कर निर्धारण हुंदाको अवस्थामा समेत यो दफाको प्रयोग गरि ऐनको मर्म विपरित कर दातालाई अनावश्यक करको भार थप हुने गरेको । |
| | दफा ११५. प्रशासकीय | उपदफा (६) : उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित कर रकम मध्ये | उपदफा (६) : उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले | उद्योगी व्यवसायीको ठूलो रकम निस्क्रिय रहनगई लगानी विस्तारमा ह्रास |

| | | | | |
|---|---|---|---|---|
| | पुनरावलोकनका लागि निवेदन दिन सक्ने । | विवादरहित करको सम्पूर्ण रकम र विवदित करको **एक चौथाई रकम** बुझाउनु पर्नेछ । | निर्धारित कर रकम मध्ये विवादरहित करको सम्पूर्ण रकम र विवदित करको **एक चौथाई रकम वा बैंक ग्यारेन्टी** बुझाउनु पर्नेछ । | आउने । |
| ५ | दफा ११३. कर, फिर्ता र हिसाव मिलान : | उपदफा (१) कुनै व्यक्तिले आफूले दाखिला गर्नुपर्ने कर दायित्व भन्दा बढी हुनेगरी कर बुझाएमामा बढी दाखिला भएको कर रकम निजले यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर रकमबाट घटाउन विभागले निर्देशन दिन सक्ने छ । यसरी घटाउंदा बढी हुन आएको जति रकम विभागले सम्बन्धित व्यक्तिलाई फिर्ता दिनु पर्ने छ ।<br><br>उपदफा (४) उपदफा (३) बमोजिम निवेदन दिने व्यक्तिले त्यस्तो निवेदन देहायको मिति मध्ये पछिल्लो मितिबाट **दुई वर्षभित्र दिनु पर्नेछ ।** सो म्यादभित्र निवेदन नदिएमा उपदफा (१) बमोजिमको रकम फिर्ता हुने छैन । | उपदफा (१) कुनै व्यक्तिले आफूले दाखिला गर्नुपर्ने कर दायित्व भन्दा बढी हुनेगरी कर बुझाएमामा बढी दाखिला भएको कर रकम निजले यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर रकमबाट घटाउन विभाले निर्देशन दिन सक्ने छ । **यसरी घटाउंदा बढी हुन आएको जति रकम विभागले सम्बन्धित व्यक्तिलाई ब्याज सहित फिर्ता दिनु पर्ने छ ।**<br><br>उपदफा (४) उपदफा (३) बमोजिम निवेदन दिने व्यक्तिले त्यस्तो निवेदन देहायको मिति मध्ये पछिल्लो मितिबाट **चार वर्षभित्र** दिनु पर्नेछ । सो म्यादभित्र निवेदन नदिएमा उपदफा (१) बमोजिमको रकम फिर्ता हुने छैन । | ऐनमा बक्यौता रकममा ब्यज लिने व्यवस्था दफा ११९ भएकोले करदातालाई ब्याज दिने व्यवस्था पनि हुनुपर्ने ।<br><br>Full Audit चार वर्ष सम्म हुने भएकोले समयमा एकरुपता हुने । |

| | | | | |
|---|---|---|---|---|
| ६ | | हाल व्यवस्था नभएको | **बाँकी बक्योता रहेको कर निश्चित अवधि (पांच वर्ष) भित्र असुल उपर गरिसक्नु पर्ने र सो अवधी पछि सरकारले माग गर्न पाउने छैन ।** | टिपोटको भरमा देखाइएका पांच बर्ष पूर्वका र कर कार्यालय संग त्यस सम्बन्धि कुनै रेकर्ड प्रमाण नभएका बक्यौताहरुलाई अपलेखन (राईट अफ) गरिनु पर्ने । व्यवसायीक करहरुमा बक्यौता माग गर्ने समय सीमा असिमित अवधी सम्म बांकी राख्नु भन्दा निश्चित समय तोकिन आवश्यक भएको । अप्रत्यासित रुपमा कर दातालाई कर भार बढ्न जाने ऐनमा भएको व्यवस्था अनुसार ६ वर्ष अघिको प्रमाणहरु जुटाउन कठिन हुने नपाउने । |
| ७ | | | उद्योगले कुल खरीद मध्ये स्थानीय उद्योगसंग खरिद गरेमा आय करमा निश्चित प्रतिशत छुट सुविधा दिनुपर्ने । | Ancillary उद्योगको प्रवर्द्धन गर्न, एक उद्योगले अर्काको सामान महंगै भए पनि खरिद गर्न प्रोत्साहन गर्न, आयात प्रतिस्थापन र रोजगारी बृद्धि गर्न । |

| | | | | |
|---|---|---|---|---|
| ८ | | औद्योगिक व्यवसाय ऐनको दफा ५४. व्यवसायिक सामाजिक जिम्मेवारी सम्बन्धी व्यवस्था : (१) मझौला, ठूला, उद्योग वा वार्षिक पन्ध्र करोड रुपैयाँभन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्ट्याउनु पर्नेछ । | (१) मझौला, ठूला, उद्योग वा वार्षिक पन्ध्र करोड रुपैयाँभन्दा बढी कारोबार हुने घरेलु वा साना उद्योगले व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्ट्याउनु पर्नेछ ।<br><br>**यसरी छुट्ट्याइएको रकम आयकरमा खर्च लेख्न सकिने छ ।** | राज्यले अनिवार्य रुपमा खर्च गर्नुपर्ने व्यवस्था गरेकोले । |
| ९ | अनुसूची-१<br><br>दफा १. प्राकृतिक व्यक्तिको सम्बन्धमा | (क) **चार लाख रुपैयाँ सम्म** रोजगारीको कर योग्य आय भएमा एक प्रतिशत ।<br><br>(ख) चार लाख पचास हजार रुपैयाँभन्दा बढी तर पाँचलाख पचास हजार रुपैयाँसम्म कर योग्य आय भएमा खण्ड (क) बमोजिम चार लाख पचास हजार रुपैयाँसम्म पचास हजार रुपैयाँ सम्म चार हजार पाँच सय रुपैयाँ र चार लाख पचास हजार रुपैयाँभन्दा बढी करयोग्य आयमा **दश प्रतिशत** ।<br><br>(ग) पाँचलाख पचासहजार रुपैयाँभन्दा बढी तर सात लाख पचास हजार रुपैयाँ सम्म करयोग्य आय भएमा खण्ड (ख) बमोजिम पाँच लाख | (क) **सात लाख रुपैयाँ सम्म** रोजगारीको कर योग्य आय भएमा एक प्रतिशत ।<br><br>(ख) **५ प्रतिशत**<br><br>(ग) **१५ प्रतिशत** | निश्चित आय भएको साना व्यवसायी एवं कामकाजी बर्गलाई सहुलियत प्रदान गर्न कर छुटको सीमा बढाउनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | पचास हजार रुपैयाँ सम्म चौध हजार पाँच सय रुपैयाँ र पाँच लाख पचासहजार रुपैयाँ भन्दा बढी करयोग्य आयमा **बीस प्रतिशत,**<br><br>(घ) सातलाख पचासहजार रुपैयाँभन्दा बढी तर बीसलाख लाख रुपैयाँ सम्म करयोग्य आय भएमा खण्ड (ग) बमोजिम सात लाख पचास हजार रुपैयाँ सम्म चौवन्न हजार पाँच सय रुपैयाँ र सात लाख पचासहजार रुपैयाँ भन्दा बढी करयोग्य आयमा **तीस प्रतिशत,**<br><br>(घ) बीस लाख रुपैयाँभन्दा बढी कर योग्य आय भएमा बढी भएजति करयोग्य आयको खण्ड (घ) बमोजिम लागेको करको दरमा थप बीस प्रतिशत अतिरक्त कर । | (घ) **२५ प्रतिशत**<br><br>**तर प्रोपराइटर फर्म दर्ता भएका करदातालाई थप अतिरिक्त कर लाग्ने छैन ।** | व्यवसायलाई प्रोत्साहन गर्न । |
| १० | अनुसूची-१ को दफा (२) निकायको सम्बन्धमा : | (१) यस दफाको उपदफा (२), (३), (४), (५) र (७) को अधिनमा रही कुनै आय वर्षमा कुनै निकायको करयोग्य आयमा **पच्चीस प्रतिशत**का दरले कर लाग्ने छ । | (१) यस दफाको उपदफा (२), (३), (४), (५) र (७) को अधिनमा रही कुनै आय वर्षमा कुनै निकायको करयोग्य आयमा **वीस प्रतिशत**का दरले कर लाग्ने छ । | विश्वमा संस्थागत आय करको दर घट्‍दै गएको र छिमेकी देश भारतमा पनि संस्थागत आय करको दर घटेको सन्दर्भमा स्वदेशी एबं विदेशी लगानी आकर्षित गर्न । |

| | | | | |
|---|---|---|---|---|
| | | (२) कुनै आय वर्षमा कुनै बैंक, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय वा दूरसंचार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) पूँजीबजार, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्यूचर मार्केट, धितोपत्र र कमोडिटी दलाल व्यवसाय, चुरोट, बिँडी, सिगार, खानेसूर्ति, खैनी, गुट्खा, पानमसाला, मदिरा, बियरको कारोबार गर्ने वा नेपाल पेट्रोलियम ऐन २०४० बमोजिम पेट्रोलियम कार्यगर्ने निकायको कर योग्य आयमा **तीस प्रतिशतका दरले कर लाग्ने छ।** | (२) कुनै आय वर्षमा कुनै चुरोट, बिँडी, सिगार, खानेसूर्ति, खैनी, गुट्खा, पानमसाला, मदिरा, बियरको कारोबार गर्ने वा नेपाल पेट्रोलियम ऐन २०४० बमोजिम पेट्रोलियम कार्यगर्ने निकायको कर योग्य आयमा **तीस प्रतिशतका दरले कर लाग्ने छ।**<br><br>**तर कुनै आय वर्षमा कुनै बैंक, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय वा दूरसंचार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) पूँजीबजार, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्यूचर मार्केट, धितोपत्र र कमोडिटी दलाल व्यवसाय लाई २५ प्रतिशतका दरले कर लाग्ने छ।** | बैंक, वित्त, बीमा, पूँजीबजार, इन्टरने सेवा लाई बढि आयकर लगाउनु व्यहारिक नभएको। |
| | दफा २ | (क्ष) 'मुनाफाको वितरण' भन्नाले मुनाफाको पुँजीकरण समेत दफा ५३ बमोजिम भएको कुनै निकायको मुनाफाको वितरण सम्झनुपर्छ। | 'मुनाफाको वितरण' भन्नाले दफा ५३ बमोजिम कुनै निकायको मुनाफाको वितरण सम्झनुपर्छ।<br><br>तर, यसले मुनाफाको | नाफाको पूँजीकरणमा हिताधिकारीलाई नगद प्राप्त नहुने रहँदा र यो थप पूँजी लगानी भएको हुँदा यस्ता बोनस |

| | | | | |
|---|---|---|---|---|
| | | | पुँजीकरणलाई जनाउने छैन | शेयरमा कर लगाउन नमिल्ने । |
| | दफा ५३. निकायबाट हुने वितरण: | (१) निकायबाट हुने वितरणमा देहायका कुराहरू समावेश गर्नुपर्नेछ :-<br>(ख) मुनाफाको पुँजीकरण ।<br>त्यस्तै, दफा ५३ ४ (ख) मुनाफाको पुँजीकरण भएमा<br>स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि 'मुनाफाको पुँजीकरण'<br>भन्नाले बोनस शेयर वा यस्तै कुनै हित जारी गरी पुँजिकृत गरेको वा सो<br>निकायको हितको चुक्ता रकममा वृद्धि गरेको वा निकायको प्रिमियम तथा<br>पुँजी खातामा नाफालाई आम्दानी बाँधेको समेतलाई जनाउँछ । | (१) निकायबाट हुने वितरणमा देहायका कुराहरू समावेश गर्नुपर्नेछ :-<br>(ख) हटाउने<br>दफा ५३(४)(ख) हटाउने<br>स्पष्टीकरण पनि हटाउने | नाफाको पूँजीकरण वितरण नभई पुन: लगानी भएकोले । |
| | दफा ९२. अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी : | | थप्नुपर्ने बुँदा :<br>प्राकृतिक व्यक्तिले नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट शेयर कारोबार गर्दा प्राप्त भएको पूँजीगत लाभकर | शेयर कारोबारलाई त्रासरहित बनाउन |

# मूल्य अभिवृद्धि कर ऐन, २०५३

| क्र.स. | ऐनमा संशोधन गर्न पर्ने दफा | ऐनको मौजुदाव्यवस्था | ऐनमा गर्नुपर्ने संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा ७. करको दर (१) | यस ऐन बमोजिम लाग्ने करको दर **तेह्र प्रतिशतको** एकल दर हुने छ । | यस ऐन बमोजिम लाग्ने करको दर शुन्य दर, ५ प्रतिशत र १३ प्रतिशत बहुदरको हुने छ । | छिमेकी मुलुक भारतमा बहुदरको जि.एस.टी. लागु भइसकेको सन्दर्भमा नेपाली उत्पादनलाई प्रतिस्पर्धा गर्न कठिन भइरहेको । |
| २. | दफा ८. करको निर्धारण र असुल उपर (२) | नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ, सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ । | नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ, सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ । **तर कुनै उद्योगको मेसिन जडान गर्न, मेसिन चलाउन प्रशिक्षण दिन, मेसिन मर्मत संभारको निमित्त नेपाल बाहिरबाट लिइने प्राविधिक सेवाको हकमा यो दफा बमोजिम कर निर्धारण र अशुल गर्नु पर्नेछैन ।** | यस दफा अनुसारको करको भार सेवा प्रदायकले बहन नगरी उद्योगले नै बहन गर्नु पर्ने भएकोले उद्योगको प्रवर्धन, संरक्षणको निमित्त कर छुट दिन आवश्यक देखिएकोले । |
| ३. | दफा ८. करको निर्धारण र | व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाभन्दा बढीको | व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख | दफा ८(३) को व्यवस्था भवन वा अर्पाटमेन्ट वा |

| | | | | |
|---|---|---|---|---|
| | असुल उपर (३) | भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको ब्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नु पर्नेछ । त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ ।<br>स्पष्टिकरण : यस उपदफाको प्रयोजनको लागि "व्यावसायिक प्रयोजन" भन्नाले भवन, अपार्टमेन्ट, सपिङ कम्प्लेक्स वा विभागले तोकेका अन्य यस्तै संरचना निर्माण गरी बिक्री गर्ने **एवं त्यस्ता संरचना चालु वा स्थायी सम्पत्तिको रुपमा लेखाङ्कन गरी आय आर्जनमा उपयोग गर्ने** कार्य सम्झनु पर्छ । | रुपैयाभन्दा बढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको ब्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नु पर्नेछ । त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ ।<br>**स्पष्टिकरण** : यस उपदफाको प्रयोजनको लागि "व्यावसायिक प्रयोजन" भन्नाले भवन, अपार्टमेन्ट, सपिङ कम्प्लेक्स वा विभागले तोकेका अन्य यस्तै संरचना निर्माण गरी बिक्री गर्ने कार्य सम्झनु पर्छ । | संरचना निर्माण गरी खरिद बिक्रीको कारोवार गर्ने वा बहाल लगाई आय आर्जन गर्ने जस्ता व्यवसायिक कार्यमा सीमित गरिनु उपयुक्त हुने । उद्योग वा व्यवसायको निमित्त अमानतमा निर्माण गर्दा लागत कम पर्ने भएकाले उद्योग तथा व्यवसाय प्रवर्धनको निमित्त उद्योग तथा व्यवसाय संचालनको लागि निर्माण गरिने व्यवसायिक सम्पत्ति वा भवन एवं संरचना व्यवसायि एवं उद्यमी स्वयंले अमानतीमा निर्माण गर्न छुट दिनु उपयुक्त हुने । |
| ४. | दफा १७ कर कट्टी (२) | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि **व्यावसायिक** वा व्यक्तिगत प्रयोजनको लागि प्रयोग हुन सक्ने तोकिएका बस्तुहरुका हकमा कर कट्टी गर्न नपाउने वा आंशिकरुपमा मात्र कर कट्टी गर्न पाउने । | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिगत प्रयोजनको लागि प्रयोग हुन सक्ने तोकिएका बस्तुहरुका हकमा कर कट्टी गर्न नपाउने वा आंशिकरुपमा मात्र कर कट्टी गर्न पाउने । | व्यवसायिक प्रयोजनमा वा व्यवसायमा प्रयोग भएको बस्तु वा सेवा खरिदमा तिरेको कर कट्टी गर्न पाउने अधिकारलाई कुनै पनि बहानामा संकुचित गरिनु मू.अ.कर कानूनको आधारभूत मान्यता विपरित रहेकाले । |
| ५ | दफा १७क : | हाल व्यवस्था नभएको | देहाय बमोजिम कुनै व्यक्तिले | नक्कली बिजक एवं मू.अ.कर |

| | | | | |
|---|---|---|---|---|
| | नक्कली बिजक वा जालसाजीपूर्ण कारोवारमा कर कट्टी नपाउने । | | नक्कली बिजकको प्रयोग गरी वा जालसाजीपूर्ण रुपमा मू.अ.कर छल्ने नियतले कारोवार गरेमा मू.अ.कर कट्टी पाउने छैन ।<br>(क) नक्कली बिजकको आधारमा मू.अ.कर कट्टी दाबी गरेमा ।<br>(ख) बस्तु तथा सेवाको आपूर्ति नै नगरी बिजक मात्रैको आपूर्ति कारोवार गरेमा ।<br>(ग) विभागले शंकास्पद करदाता वा निलम्बित करदाता भनी सूचित गरेको करदाता संगबाट खरिद कारोवार गरेमा ।<br>(घ) बिजकमा उल्लेखित कर रकम नै सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी नगरेमा ।<br>**स्पष्टीकरण** : यस दफा बमोजिम "**नक्कली बिजक** "भन्नाले मू.अ.कर नियमावलीमा तोकिए बमोजिमको रीत नपुगेको बिजक वा मू.अ.करमा दर्ता नै नभएको व्यक्तिबाट जारी भएको बिजकलाई सम्झनु पर्छ । | जालसाजी सम्बन्धमा स्पष्ट व्यवस्था गर्न जरुरी भएकाले । |
| ६. | दफा २५. **कर फिर्ता नहुने** (घ) | यस ऐनमा अन्यत्र जुनसकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम फिर्ता लिनु पर्ने रकम कर अवधि समाप्त भएको मितिले तीन वर्ष भित्र | हटाउनु पर्ने । | करदाताको फिर्ता लिनु पर्ने रकम कारोवार एवं व्यवसायको प्रकृतिको आधारमा जुन सुकै समयमा |

| | | | | |
|---|---|---|---|---|
| | | फिर्ताको लागि निवेदन नदिएमा फिर्ता हुने छैन । | | पनि फिर्ता लिन सक्ने हुँदा फिर्ता लिने रकमका सन्दर्भमा समय सीमा निर्धारण गरिनु र उक्त समय पछि फिर्ता नदिने व्यवस्था गरिनु अनुचित, औचित्यहीन एवं  अन्यायिक सम्वृद्धिको सिद्धान्त विपरितसमेत हुने भएकाले । |

| सि.न. | दफा (उपदफा) | हालको व्यवस्था | हालको व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | दफा ३४ जाँचपास पछिको परिक्षण (२) | उपदफा (१) बमोजिम परीक्षण गर्दा निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गरेका मालवस्तु निजले घोषणा गरेको भन्दा भिन्न मालवस्तु भएको पाइएमा वा निजले गरेको घोषणा अनुरुप भएको देखिएमा वा कारोबार मूल्य वा मालवस्तुको परिमाण घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा भन्सार परक्षकले त्यसरी घटी भएको मूल्य वा परिमाणमा निकासी वा पैठारी हुँदाका बखत लाग्ने महसुल निजबाट तत्काल असुल गरी **घटी कारोबार मूल्य वा परिमाण घोषणा गरे वापत निजलाई यस ऐन बमोजिम कारबाही गर्नेछ।** | (१) बमोजिम परीक्षण गर्दा निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गरेका मालवस्तु निजले घोषणा गरेको भन्दा भिन्न मालवस्तु भएको पाइएमा वा निजले गरेको घोषणा अनुरुप भएको देखिएमा वा कारोबार मूल्य वा मालवस्तुको परिमाण घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा भन्सार परक्षकले त्यसरी घटी भएको मूल्य वा परिमाणमा निकासी वा पैठारी हुँदाका बखत लाग्ने महसुल निजबाट तत्काल असुल गर्नेछ। | जरिवाना अत्याधिक भएकोले। |
| २ | दफा ३४ जाँचपास पछिको परिक्षण (११) | यस दफा बमोजिमको परिक्षण मालवस्तु जाँचपास भएको मितिले **चार वर्षसम्म** गर्न सकिनेछ।<br>**तर कुनै निकासीकर्ता वा पैठारीकर्ताले झुट्टा लिखत वा कागजात तयार गरी लाग्ने भन्दा** | यस दफा बमोजिमको परिक्षण मालवस्तु जाँचपास भएको मितिले **दुई वर्षसम्म** गर्न सकिनेछ। | लामो समय सम्म कागजात राख्न कठिन हुने। |

| | | | | |
|---|---|---|---|---|
| | | **कम महशुल दाखिला गरेको प्रमाणित भएमा भन्सार परिक्षकले महानिर्देशकको अनुमति लिई चार वर्षपछि समेत जाँचपास पछिको परिक्षण गर्न सक्नेछ ।** | | |
| ३ | दफा ५७ दण्ड सजाय (९) | पैठारीकर्ता वा भन्सार एजेन्टले एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनि वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तर मध्ये सबै वा कुनै कुरा फरक पारि घोषणा गरेमा वा कुनै मालवस्तु घोषणा नै नगरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनिलाई त्यस्तो मालवस्तुको मूल्य बराबर जरिवाना गरी सो **मालवस्तुको मूल्यको** दुई सय प्रतिशत जरिवाना र लाग्ने महसुल असुल गरि त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ । | पैठारीकर्ता वा भन्सार एजेन्टले एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनि वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तर मध्ये सबै वा कुनै कुरा फरक पारि घोषणा गरेमा वा कुनै मालवस्तु घोषणा नै नगरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनिलाई **फरक पर्ने महसुल मूल्य बराबर** जरिवाना गरी सो मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिवाना र लाग्ने महसुल असुल गरि त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ । | जरिवाना अत्याधिक भएको र न्याय संगत पनि नभएको । |
| ४ | दफा ५७ दण्ड सजाय | यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २० को उपदफा (२) को खण्ड ( क), (ख) वा (ग) बमोजि जाँचपास भएका | यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २० को उपदफा (२) को खण्ड (क), (ख) वा | |

| | | | | |
|---|---|---|---|---|
| | (१८) | मालवस्तु पैठारीकर्ताले भन्सार क्षेत्रबाट बाहिर लगिसकेपछि अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम पुनः जाँचगर्दा पैठारीकर्ताले घोषणा गरको भन्दा मालवस्तको नाम, प्रकृति, भौतिक विशेषाता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तरमा फरक पाईएमा त्यसरी विवरण फरक पारि पैठारी गरे बापत यस दफामा उल्लेखित जरिवाना र महसुलका अतिरिक्त **त्यस्तो मालवस्तुको मूल्यको तीन सय प्रतिशत** थप जरिवाना असुल गरि मालवस्तु छाडिने वा त्यस्तो मालवस्तु जफत गरि **त्यस्तो मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिवाना गरिनेछ ।** | (ग) बमोजि जाँचपास भएका मालवस्तु पैठारीकर्ताले भन्सार क्षेत्रबाट बाहिर लगिसकेपछि अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम पुनः जाँचगर्दा पैठारीकर्ताले घोषणा गरको भन्दा मालवस्तको नाम, प्रकृति, भौतिक विशेषाता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तरमा फरक पाईएमा त्यसरी विवरण फरक पारि पैठारी गरे बापत यस दफामा उल्लेखित जरिवाना र महसुलका अतिरिक्त **फरक पर्ने महसुल मूल्यको तीन सय प्रतिशत** थप जरिवाना असुल गरि मालवस्तु छाडिने वा त्यस्तो मालवस्तु जफत गरि **फरक पर्ने महसुल** मूल्यको दुई सय प्रतिशत जरिवाना गरिनेछ । | |
| ५ | दफा ७० पुनरावलोकन गर्न सक्ने (१) | भन्सार जाँचपास भएको मालवस्तुको प्रज्ञापनपत्र मालवस्तु जाँचपास भएको मितिले **चार वर्षभित्र** सम्बन्धित भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनरावलोकन गर्न सक्नेछ । | भन्सार जाँचपास भएको मालवस्तुको प्रज्ञापनपत्र मालवस्तु जाँचपास भएको मितिले **दुई वर्षभित्र** सम्बन्धित भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनरावलोकन गर्न सक्नेछ । | लामो समय पछि प्रमाण जुटाउन कठिन हुने । |

## भन्सार नियमाली २०६४

| सि.न. | दफा (उपदफा) | हालको व्यवस्था | हालको व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | नियम ४३<br>मूल्याङ्कन पुनरावलोकन समितिको कार्यविधि<br>(२) | मूल्याङ्कन पुनरावालोकन समितिले मूल्याङ्कन पुनरावलोकनका लागि परेको निवेदनमाथि अन्तिम निर्णय दिँदा **अध्यक्ष सहित दुबै जना सदस्यको उपस्थिति** आवश्यक पर्नेछ। | मूल्याङ्कन पुनरावालोकन समितिले मूल्याङ्कन पुनरावलोकनका लागि परेको निवेदनमाथि अन्तिम निर्णय दिँदा **अध्यक्ष सहित कम्तिमा एक जना** सदस्यको उपस्थिति आवश्यक पर्नेछ। | निर्णय प्रक्रिया सहज भई सिघ्र निर्यण हुने। |
| २ | नियम ४४<br>निवेदन किनारा लगाउनु पर्ने अवधि | मूल्याङ्कन पुनरावलोकन समितिले निवेदन दर्ता भएको मितिले **नब्बे दिन** भित्र त्यस्तो निवेदनको अन्तिम किनारा लगाउनु पर्नेछ। | मूल्याङ्कन पुनरावलोकन समितिले निवेदन दर्ता भएको मितिले **साठी दिन** भित्र त्यस्तो निवेदनको अन्तिम किनारा लगाउनु पर्नेछ।<br>निवेदन दिएको मितिले साठी दिन भित्र निर्णयको सूचना निवेदकलाई नदिएमा निवेदकले सोको जानकारी समितिमा दर्ता गराई | सिघ्र निर्णय हुने। |

| | | | | |
|---|---|---|---|---|
| | | | निवेदन अस्विकार गरेको मानि पुरावेदन गर्न सक्नेछ । | |

## राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण ) ऐन, २०५२

| क.सं. | ऐनको दफा /उपदफा | ऐनको मौजुदा व्यवस्था | संशोधन गरिनु पर्ने व्यवस्था | संशोधन गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा ४ राजस्व चुहावट गरेको मानिने (क) | **कम राजस्व तिर्ने वा** राजस्व नतिर्ने **उद्देश्यले गलत वा झुट्टा लेखा विवरण वा कागजात प्रस्तुत गरी वा नगरी प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरे वा नबुझाएमा वा तिर्न वा बुझाउनु पर्ने राजस्व भन्दा घटी राजस्व तिरेमा** वा बुझाएमा । | राजस्व नतिर्ने उद्देश्यले करमा दर्ता नभई वा दर्ता भएको भएतापनि कर विवरण पेश नगरी प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरे वा नबुझाएमा । | गलत वा झुट्टा लेखा विवरण वा कागजातको आधारमा कम राजस्व तिर्ने विषय आन्तरिक राजस्व विभाग वा कर अधिकृतबाट हुने कर निर्धारणबाट संवोधन हुने भएकाले कर अधिकृतको क्षेत्राधिकारको विषयलाई राजस्व चुहावटको कसुरको रुपमा कसुर घोषित गरी कारवाही गर्न अनपयुक्त देखिएको । |
| २ | दफा ४ राजस्व चुहावट गरेको मानिने (ख) | कुनै पनि मालबस्तुको निकासी पैठारी गर्दा सम्बन्धित भन्सार कार्यालयमा प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिरी वा नबुझाई राजस्व छलेमा वा छल्ने प्रयत्न गरेमा । | हटाउनु पर्ने | निकासी वा पैठारीमा भन्सार महशुल छुट वा घटी दाखिला भएमा भन्सार ऐन, २०६४ को दफा ७४ बमोजिम अशुल गर्न सकिने एवं दफा ३४ मा जाँच पास पछिको परिक्षणको व्यवस्था भएकाले भन्सार अधिकृतको क्षेत्राधिकार भित्रको विषयलाई राजस्व चुहावट ऐनमा गर्न उपयुक्त |

| | | | | |
|---|---|---|---|---|
| | | | | नदेखिएकोले । |
| ३ | दफा ४ राजस्व चुहावट गरेको मानिने (ङ) | राजस्व बुझाउने कार्यालयको कर्मचारीसंग मिलेमतो गरी वा नगरी कानूनबमोजिम तिर्नु बुझाउनु पर्ने **राजस्व रकममा हेरफेर वा परिवर्तन गरेमा वा** राजस्व बुझाएको देखिने गलत वा झुट्टा लिखत तथा कागजात तयार गरेमा वा पेश गरेमा । | राजस्व बुझाउने कार्यालयको कर्मचारीसंग मिलेमतो गरी वा नगरी कानून बमोजिम तिर्नु बुझाउनु पर्ने राजस्व बुझाएको देखिने गलत वा झुट्टा लिखत तथा कागजात तयार गरेमा वा पेश गरेमा । | कानूनबमोजिम तिर्नु बुझाउनु पर्ने राजस्व रकममा हेरफेर वा परिवर्तन गरी राजस्व नतिरेमा वा छलेको विषयलाई सम्बन्धित आन्तरिक राजस्व कार्यालय एवं भन्सार कार्यालयबाट नै कारवाही गरी अशुल उपर गर्न सक्ने भएकाले त्यस्तो कार्यलाई राजस्व चुहावट अन्तर्गत राख्न उपयुक्त नदेखिएकोले । |
| ४ | दफा ४ राजस्व चुहावट गरेको मानिने (च) | प्रचलित कानून बमोजिम राजस्व बुझाउने प्रयोजनको लागि घोषणा गरिनु पर्ने वा देखाउनु पर्ने कर, आय, घर जग्गा वा अन्य सम्पत्ति वा सामानको वास्तविक मूल्य भन्दा घटी वा बढी हुने गरी हिसाव वा कागजात तयार गरी पेश गरेमा । | **हटाउने** | कर सम्बन्धमा सम्पत्ति वा सामानको मूल्यांकनको विषय आयकर ऐनबाट नै नियमित हुने भएकाले गैर कर बुझाउने प्रयोजनको लागि हुने मूल्यांकनलाई राजस्व चुहावट कसुर अन्तर्गत समेट उपयुक्त हुने भएकाले । |
| | दफा ४ राजस्व चुहावट गरेको | कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा, **पैठारीकर्ता वा भन्सार एजेण्टले एउटा मालवस्तु अर्कै मालवस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित** | कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा, | मालवस्तुको घोषणा सम्बन्धी कसुरका विषयमा भन्सार ऐनमा नै प्रयाप्त व्यवस्था भएकोले त्यस्तो |

| | | | | |
|---|---|---|---|---|
| | मानिने (६) | **मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, गुणस्तर र मूल्य फरक पारी घोषणा गरेमा वा कुनै मालवस्तु घोषणा नै नगरेमा** | | कसुरलाई राजस्व चुहावट कसुर अन्तरगत राख्न उपयुक्त नदेखिएकोले । |
| **५.** | दफा ४ राजस्व चुहावट गरेको मानिने (झ) | प्रचलित कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले अन्य कुनै काम गरे वा गराएमा । | हटाउने | कर सम्बन्धी विषयलाई नियमित र नियमन गर्नका लागि छुट्टा छुट्टै कर राजस्व सम्बन्धी ऐन, नियमावली लागू भई सोको कार्यान्वयनको निमित्त संरचनासमेत स्थापित भई प्रभावकारीढंगबाट कर अशुलीसम्बन्धी कार्य सम्पादन भई रहेकाले उक्त कर राजस्व अशुलीको विषयलाई राजस्व चुहावट ऐनमासमेत व्यवस्था गरिनुको औचित्यता नै नदेखिएकोले । |
| ६ | दफा ८ अनुसन्धान तथा तहकिकात गर्ने (३) | उपदफा (२) बमोजिम तोकिएका अनुसन्धान अधिकृतले अनुसन्धान तथा तहकिकात प्रारम्भ भएको मितिले **छ महिनाभित्र** कार्य सम्पन्न गर्नुपर्नेछ । | उपदफा (२) बमोजिम तोकिएका अनुसन्धान अधिकृतले अनुसन्धान तथा तहकिकात प्रारम्भ भएको मितिले **६० दिन**भित्र कार्य सम्पन्न गर्नुपर्नेछ । | अनुसन्धान कार्य छिटो छरितोरुपमा सम्पन्न गर्न न्यायोचित देखिएकोले । |
| ७ | **दफा (१३)** थुनामा | यस ऐन अर्न्तगत पक्राउ परेका व्यक्तिलाई अनुसन्धानको सिलसिलामा मुद्दा हेर्ने अधिकारीको | यस ऐनको दफा **४ (ख), (ग), (छ)** को कसुर अर्न्तगत पक्राउ परेका | |

| | | | | |
|---|---|---|---|---|
| | राख्न सकिने | स्वीकृति लिई एकपटकमा पन्ध्र दिनमा नबढाई बढीमा नब्बे दिनसम्म थुनामा राख्न सकिनेछ । | व्यक्तिलाई अनुसन्धानको सिलसिलामा मुद्दा हेर्ने अधिकारीको स्वीकृति लिई एकपटकमा पन्ध्र दिनमा नबढाई बढीमा नब्बे दिनसम्म थुनामा राख्न सकिनेछ । | |
| ८ | दफा १३ क सम्बन्धित निकायलाई लेखि पठाउन सक्ने (२ ) | उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि विभागले **पचास लाख रुपैयासम्मको राजस्व चुहावट भएको देखिएमा** त्यस्तो आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुल वा कर वा गैर कर निर्धारण गरी असुल गर्न सम्बन्धित संस्था वा निकायमा लेखी पठाउन सक्नेछ ।<br>तर जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेमा यस ऐन बमोजिम मुद्दा चलाउनु पर्नेछ । | उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि विभागले त्यस्तो आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुल वा कर वा गैर कर निर्धारण गरी असुल गर्न सम्बन्धित संस्था वा निकायमा लेखी पठाउन सक्नेछ । | सम्बन्धित निकायको क्षेत्र भित्रको कर अशुली र निर्धारणको कार्यमा राजस्व अनुसन्धान विभाग प्रवेश गर्न नहुने । |
| ९ | दफा १३(६) | उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि पचास लाख रुपैया भन्दा बढीको राजस्व चुहावट भएकोमा यस ऐन बमोजिम मुद्दा दायर गर्नु पर्नेछ । | हटाउनु पर्ने | सम्बन्धित निकायको क्षेत्र भित्रको कर अशुली र निर्धारणको कार्यमा राजस्व अनुसन्धान विभाग प्रवेश गर्न नहुने । |
| १० | दफा २३ ( १) तर | ....... | तर यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि (क), (ख), (ग), ( घ) मा उल्लेखित कैदको सजायको व्यवस्था यस ऐनको दफा **४ (ख), ( ग), (छ)** को कसुर गर्ने व्यक्तिको हकमा मात्रै लागु हुनेछ । | |
| ११ | दफा २३ ( ६) | ........... | (६) यस ऐन बमोजिमको कसुरमा उपदफा (१) बमोजिम सजाय पाएको | एकै कसुरमा एकै व्यक्तिलाई एक भन्दा बढी |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यक्तिलाई पुनः सोही कसुर अन्तरगत अन्य कानुन बमोजिम सजाय गरिने छैन । | ऐनको प्रयोग गरी सजाय गरिनु दोहोरो खतराको सिद्धान्त विपरित हुने भएकोले । |
| **१२** | ३२ (क) कालो सूचीमा राख्ने | यस ऐन बमोजिम राजस्व चुहावटको कसूरमा अनुसन्धान तथा तहकिकात भई कसूरदार ठहरिएको व्यक्ति वा निकायलाई विभागले सार्वजनिक खरिद र बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम कालोसूचीमा राख्नको लागि सम्बन्धित निकायमा लेखि पठाउने छ । | यस ऐनको दफा **४ (ख), (ग), (छ)** बमोजिमको राजस्व चुहावटको कसूरमा अनुसन्धान तथा तहकिकात भई कसूरदार ठहरिएको व्यक्ति वा निकायलाई विभागले सार्वजनिक खरिद र बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम कालोसूचीमा राख्नको लागि सम्बन्धित निकायमा लेखि पठाउने छ । | कसुरको गार्म्भियताको आधारमा कालो सूचीमा राख्ने व्यवस्था गर्न उपयुक्त हुने देखिएकाले । |
| १३ | दफा ३५ पछि दफा ३५क थप गर्ने | | **दफा ३५क. क्षतिपूर्ति दिनु पर्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विभागले अनुसन्धान र तहकिकात गरी दायर गरेको मुद्दामा अदालतबाट अभियोग दाबी जिकिर नपुग्ने गरी अन्तिम फैसला भएमा त्यस्तो मुद्दामा प्रतिवादी वा अभियुक्त बनाइएको व्यक्तिलाई धरौटी राखेको रकम र अभियोग दाबी लिएको विगो रकमको दोब्बर रकम नेपाल सरकारले क्षतिपूर्ति दिनु पर्ने छ । | ऐनले विभागलाई दिएको अधिकारको दुरुपयोग हुन बाट रोक्नका लागि क्षतिपूर्तिको व्यवस्था गर्न आवश्यक देखिएकोले |

## सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४

| क.सं. | ऐनको दफा /उपदफा | ऐनको मौजुदा व्यवस्था | संशोधन गरिनु पर्ने व्यवस्था | संशोधन गरिनु पर्ने कारण |
|---|---|---|---|---|
| १ | दफा २(स) | "सूचक संस्था" भन्नाले वित्तीय संस्था **वा गैरवित्तीय पेशाकर्मी वा व्यवसायी** सम्झनु पर्दछ । | "सूचक संस्था" भन्नाले वित्तीय संस्था सम्झनु पर्दछ । | वित्तीय संस्थाबाहेक अन्य व्यवसायी वा पेशाकर्मीले यस ऐनमा उल्लेखित सूचक संस्थाको भूमिका निर्वाह गर्न नसक्ने भएकाले । |
| २ | दफा ७क. ग्राहकको पहिचान गर्नु पर्ने | १. सूचक संस्थाले देहाय बमोजिमको कार्य गर्दा ग्राहकको सहीरुपमा पहिचान तथा सोको सम्पुष्टि भरपर्दो श्रोतबाट प्राप्त कागजात, तथ्याङ्क वा जानकारीका आधारमा उपदफा (३)र (४) को अधीनमा रही गर्नु पर्ने छ । | १. सूचक संस्थाले देहाय बमोजिमको कार्य गर्दा ग्राहकको सहीरुपमा पहिचान प्राप्त कागजात, तथ्याङ्क वा जानकारीका आधारमा उपदफा (३)र (४) को अधीनमा रही गर्नु पर्ने छ । | नेपालको सन्दर्भमा सूचक संस्थाले ग्राहक पहिचानको संम्पुष्टि गर्न व्यवहारिकरुपमा कठिनाई रहेकाले ग्राहक पहिचानको लागि सम्पुष्टि गर्ने छुट्टै निकायको गठन गर्न जरुरी रहेको । |
| ३ | दफा ७त(३) | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिएको निर्देशन बमोजिमको दायित्व निरन्तररुपमा पुरा गर्न सूचक संस्थाले व्यवस्थापनस्तरको कार्यान्वयन अधिकारी -कम्प्लायन्स अफिसर) नियुक्त गर्नु पर्नेछ । | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको निर्देशिका वा दिएको निर्देशन बमोजिमको दायित्व निरन्तररुपमा पुरा गर्न सूचक संस्थाले **आवश्यकताअनुसार** व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त **गर्न सक्ने छ** । | व्यवस्थापन कम्पलायन्स अफिसर नियुक्त गर्न सबै सूचक संस्थाहरु सामर्थ्यवान नरहेको र यसबाट व्यवसायको लागत बृद्धिले गर्ने भएकाले यो व्यवस्थालाई बाध्यात्मक बनाउन नहुने । |

| | | | | |
|---|---|---|---|---|
| ४ | दफा १९ख | **राहदानी वा ट्राभल डकुमेन्ट रोक्का राख्न सक्ने :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण तथा आतङ्कबादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरमा अनुसन्धान भैरहेको कुनै व्यक्तिको नाममा राहदानी वा ट्राभलर डकुमेण्ट जारी नगर्न वा जारी भइसकेको भए रोक्का राख्न सम्बन्धित निकायलाई लेखि पठाउन सक्नेछ । | (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण तथा आतङ्कबादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरमा अनुसन्धान भैरहेको **कुनै व्यक्ति तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने कुनै विश्वसनीय आधार रहे भएमा सो समेत खुलाई निजको** नाममा राहदानी वा ट्राभलर डकुमेण्ट जारी नगर्न वा जारी भइसकेको भए रोक्का राख्न सम्बन्धित निकायलाई लेखि पठाउन सक्नेछ । | सम्पत्ति शद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरको अनुसन्धान शुरु भएको मात्र आधारबाट राहदानी एवं ट्राभलर डकेुण्ट रोक्का राख्न व्यवसायिक एवं न्यायोचित दृष्टिकोणबाट अनुपयुक्त देखिएकोले । |
| ५ | दफा २९ | **मुद्दा चलाउन र सजाय गर्न बाधा नपर्ने** : प्रचलित कानून बमोजिम सम्बद्ध कसुरमा मुद्दा नचलेको वा चलेकोमा पनि नठहरेको कारणले मात्र कुनै सम्पत्ति कसुरबाट प्राप्त सम्पत्ति भएको देखिएमा सोको सम्बन्धमा सम्पत्ति शुद्धिकरण सम्बन्धी कसुरमा मुद्दा चलाउन र सजाय गर्न बाधा पर्ने छैन । | हटाउनु पर्ने | सम्बन्ध कसुर गरेको ठहर भएमा सम्बन्धित कानून बमोजिम नै विगो, जरिवाना, शुल्क लगायतको अशुल हुने एवं कैदसमेतको दण्ड सजाय हुने प्रभावकारी कानूनी व्यवस्था रहेको साथै सम्बन्धित कसुर नै ठहर नभई सफाई पाएको अवस्थामासमेत सम्पत्ति शुद्धिकरणमा मुद्दा चलाउनु अनुचित र औचित्यता हीन देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ६ | दफा २ को (श) र अनुसूची | अनुसूची<br>सम्बद्ध कसुर<br>१. (क) देखि (स) | हटाउनु पर्ने । | सम्बन्ध कसुरमा सजाय गर्न सम्बन्धित ऐन कानूनको व्यवस्था नै पर्याप्त रहेको र त्यस्ता कसुरलाई सम्पत्ति शुद्धिकरण सम्बन्धी कसुरको दायरामा ल्याई मुद्दा चलाई कारवाही गरिनु व्यवहारिक एवं न्यायोचित दृष्टिकोणबाट उपयुक्त नदेखिएकोले |

***